सम्पूर्ण बैंकिङ्ग सेवाहरू
इन्टरनेट, मोबाइल बैंकिङ्ग,
ए.टि.एम. कार्ड, प्रिपेड कार्ड
सर्वसुलभ अनुभव

# २१ औं वार्षिक आर्थिक विवरण (संक्षिप्त)
## २०७०-२०७१

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.
हाम्रो साथ, तपाईं सधैं विजयी ।

# संचालकसमिति



**श्री हसना शर्मा**
अध्यक्ष
कर्मचारी संचयकोषबाट मनोनीत



**श्री आर. कार्तिकेयन**
संचालक
एस.बि.आई.बाट मनोनीत



**श्री गिरिधरा किनी**
संचालक
एस.बि.आई.बाट मनोनीत



**श्री मनोज कुमार अग्रवाल**
संचालक
सर्वसाधारण शेयरधनीबाट निर्वाचित



**श्री निरञ्जन कुमार टिबरेवाला**
संचालक
सर्वसाधारण शेयरधनीबाट निर्वाचित



**श्री गोकुल राम थापा**
विशेषज्ञ संचालक



**श्री आलोक कुमार शर्मा**
प्रवन्ध संचालक (प्रमुख कार्यकारी अधिकृत)
एस.बि.आई.बाट मनोनीत

**वाह्य लेखापरीक्षक**
टि.आर.उपाध्याय एण्ड कम्पनी,
चार्टर्ड एकाउण्टेण्टस्

**कम्पनी सचिव**
रमेश घिमिरे

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.

२१औं
साधारणसभा २०७०/७१

नेपाल एसबिआई बैंक लि. को वि.सं. २०७१ माघ १४ गते बुधवारका दिन हुने एक्काइसौं वार्षिकसाधारणसभामा उपस्थित हुन जारी गरिएको

## प्रवेश-पत्र

शेयरधनीको नाम : ..............................................................................................

शेयरधनी नं. : .................................................................... शेयर संख्या : ..................................

शेयरधनीको दस्तखत : ..........................................................................................

बैंकको छाप | प्रमाणित गर्ने | कम्पनी सचिव

**द्रष्टव्य :**

१. शेयरधनी आफैंले खाली कोष्ठहरु भर्नुहोला ।

२. सभाकक्षमा प्रवेश गर्न यो प्रवेशपत्र प्रस्तुत गर्नु अनिवार्य छ ।

३. शेयरधनी नं. भन्नाले प्रमाणपत्रको शिरमा दाहिने कुनामा अंकित नम्बर हो । तर दोस्रो बजारमा खरिद गरिएको शेयरको हकमा चाहिँ शेयर प्रमाणपत्रको पछाडिपट्टि खरिदकर्ताको नामको मुनि/सँगै अंकित नम्बर हो ।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.

२१औं
साधारणसभा २०७०/७१

## प्रोक्सी फाराम

श्री संचालक समिति
नेपाल एसबिआई बैंक लिमिटेड
हात्तिसार, काठमाडौं ।

**विषय : प्रतिनिधि नियुक्त गरेकोबारे ।**

महोदय,

................................ जिल्ला ................................ न.पा./गा.वि.स. वडा नं. .......... बस्ने म/हामी .......................... ................. ले त्यस कम्पनीको शेयरवालाको हैसियतले वि.सं. २०७१ माघ १४ गते बुधवारका दिन हुने साधारणसभामा म/हामी स्वयं उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकाले उक्त सभामा भाग लिन तथा मतदान गर्नकालागि ........................ जिल्ला ........................ न.पा./गा.वि.स. वडा नं. ......... बस्ने त्यस कम्पनीका शेयरधनी श्री ............................................. ...................... लाई मेरो/हाम्रो प्रतिनिधि मनोनित गरी पठाएको छु/छौं ।

प्रोक्सी लिनेका
दस्तखत नमुना : ____________________
नाम : ____________________
शेयरधनी नं. : ____________________
मिति : ____________________

निवेदक
दस्तखत : ____________________
नाम : ____________________
शेयरधनी नं. : ____________________
शेयर प्रमाणपत्र नं. : ____________________
शेयर संख्या : ____________________
मिति : ____________________

*नोटः शेयरधनी नं. भन्नाले शेयर प्रमाणपत्रको शिरमा दाहिने कुनामा अंकित नम्बर हो । तर दोस्रो बजारमा खरिद गरिएको शेयरको हकमा चाहिँ शेयर प्रमाणपत्रको पछाडि पट्टि खरिदकर्ताको नामको मुनि/सँगै अंकित नम्बर नै शेयरधनी नं. हो ।*

*द्रष्टव्यः यो निवेदन साधारणसभा हुनुभन्दा कम्तीमा ७२ घण्टाअगावै बैंकको प्रधान कार्यालय हात्तिसार काठमाडौंमा पेश गरिसक्नुपर्नेछ । बैंकको नियमावलीबमोजिम प्रतिनिधि नियुक्त गर्दा बैंककै शेयरधनीबाहेक अरुलाई गर्न पाइँदैन ।*

# नेपाल एसबिआई बैंक लिमिटेड
# हात्तीसार, काठमाडौं
# एक्काइसौं वार्षिक साधारणसभासम्बन्धी सूचना

शेयरधनी महानुभावहरु,

यस बैंकको २०७१ पौष ०७ गते बसेको संचालक समितिको ३७३ औं बैठकको निर्णयअनुसार यस बैंकको एक्काइसौं साधारणसभा देहायको मिति, स्थान र समयमा तल लेखिएका प्रस्तावउपर छलफल गर्न बस्ने भएको हुँदा बैंकका शेयरधनी महानुभावहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

सभा हुने मिति : २०७१ माघ १४ गते बुधवार, तदनुसार २८ जनवरी २०१५
स्थान : त्रिभुवन आर्मी अफिसर्स क्लब, भद्रकाली, काठमाडौं
समय : दिनको ११:०० बजे

**बैंकको २१ औं वार्षिक साधारणसभाको छलफलको विषयसूची**

### क) सामान्य प्रस्ताव

१. आ.व. २०७०/७१ का लागि संचालकसमितिको प्रतिवेदनउपर छलफल गरी पारित गर्ने।

२. लेखापरीक्षकको प्रतिवेदनसहितको आ.व. २०७०/७१ को वार्षिक आर्थिक विवरण (२०७१ आषाढमसान्त को वासलात, आ.व. २०७०/७१ को नाफानोक्सान हिसाब र सोही अवधिको नगदप्रवाह विवरण, नाफानोक्सान बाँडफाँड हिसाबलगायत वार्षिक आर्थिक विवरणसँग सम्बन्धित अनुसूचीहरू समेत) छलफल गरी पारित गर्ने।

३. संचालकसमितिले प्रस्ताव गरेअनुसार शेयरधनीहरुलाई रु. १८,६१,४२,७५४/- बराबर (चुक्ता पूँजीमा ७% का दरले) नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गर्ने।

४. बैंकको लेखापरीक्षण समितिले सिफारिस गरेअनुसार आ.व. २०७१/७२ को लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने (बैंकको लेखापरीक्षण समितिको २०७१/०७/१४ (३१/१०/२०१४)मा बसेको बैठकले रु.२४०,०००/- पारिश्रमिक भुक्तानी दिने गरी पिएल श्रेष्ठ एण्ड कं., चार्टर्ड एकाउण्टेन्ट्लाई लेखापरीक्षकमा नियुक्त गर्न सिफारिस गर्ने निर्णय गरेको जानकारी गराउँदछौं)।

५. सर्वसाधारण शेयरधनीको तर्फबाट दुई संचालकको निर्वाचन गर्ने।

६. विविध (अध्यक्षज्यूको अनुमतिमा)।

### ख) विशेष प्रस्ताव

७. बैंकको अधिकृत पूँजी रु. ३,००,००,००,०००/- लाई वृद्धि गरी रु. ७ ,००,००,००,०००/- कायम गर्न स्वीकृति प्रदान गर्नेसम्बन्धी प्रस्ताव पारित गर्ने।

८. बोनस शेयर जारी गर्न तथा बैंकको प्रवन्धपत्रको दफा ५.२ (ख)मा व्यवस्था भएअनुसार सर्वसाधारण शेयरधनीको शेयर स्वामित्व ३० प्रतिशत पुऱ्याउन आवश्यक पर्ने शेयर थप निष्कासन (Further Public Offering) गर्न हालको जारी पूँजी रु.२,६५,९१,८२,२००/- लाई वृद्धि गरी रु. ३,०६,३३,९५,६००/- तथा हालको चुक्तापूँजी रु.२,६५,०२,०५,८०४/- लाई वृद्धि गरी रु. ३,०६,३३,९५,६००/- कायम गर्न स्वीकृति प्रदान गर्नेसम्बन्धी प्रस्ताव पारित गर्ने।

९. बैंकको संचालकसमितिले प्रस्ताव गरेअनुसार शेयरधनीहरुलाई रु. ३९,८८,७७,३००/- बराबर (१५% का दरले) बोनस शेयर वितरण गर्ने प्रस्ताव पारित गर्ने।

१०. उपर्युक्त विशेष प्रस्ताव नं. ७ र ८ को फलस्वरूप बैंकको प्रबन्धपत्रको दफा ५.१ को खण्ड (क), (ख) र (ग) मा संशोधन गरी बैंकको अधिकृत पूँजी, जारी पूँजी तथा चुक्ता पूँजीको अंक वृद्धि गर्न स्वीकृति प्रदान गर्नेसम्बन्धी प्रस्ताव पारित गर्ने।

११. बैंकको प्रबन्धपत्रको दफा ४ को उपदफा ट$ट_1$ पछि ट$ट_2$ थप गरी प्रचलित कानूनबमोजिम सम्बद्ध निकायबाट आवश्यक स्वीकृति/इजाजत/सदस्यता लिई मर्चेन्ट बैंकिङ्ग, रेमिटेन्स, लघु वित्त सेवा, क्रेडिट कार्ड, इत्यादि सम्बन्धी व्यवसाय तथा कारोबार गर्न सहायक (Subsidiary)/संयुक्त लगानी (Joint Venture) कम्पनीहरू संस्थापना गर्ने सम्बन्धी व्यवस्था थप गर्न प्रबन्धपत्रको दफा ४ मा संशोधन गर्नेसम्बन्धी प्रस्ताव पारित गर्ने।

१२. बैंकको प्रबन्धपत्रमा उल्लिखित उद्देश्य प्राप्तिका लागि सहायक (Subsidiary)/संयुक्त लगानी (Joint Venture) कम्पनीहरु खोली कार्य आरम्भ गर्न एक-आपसमा गाभ्ने गाभिने (Merger), विलय (Acquisition), प्राप्ति (Takeover) वा विदेशी/रणनीतिक साझेदार/संस्थापकबाट थप पूँजी लगानी (Infusion) गराई वा अन्य उपयुक्त माध्यमबाट बैंकको पूँजी संरचना परिवर्तन गर्न आवश्यक प्रक्रिया आरम्भ गर्न, बैंकको नेट वर्थ/सम्पत्तिको मूल्यांकन प्रयोजनका लागि Due Diligence Audit गर्ने प्रयोजनको लागि विशेषज्ञ, लेखपरीक्षक नियुक्त गर्न, थप पूँजी लगानी (Capital Infusion) का लागि शेयरको प्रिमियम मुल्य निर्धारण गर्नुपर्ने भए सो गर्न, आवश्यक सम्पूर्ण कार्यका लागि सम्बद्ध पक्षबीच सहमति पत्र (Memorandum of Understanding)/सम्झौता गर्न संचालकसमितिलाई अधिकार प्रत्यायोजन गर्ने।

१३ संचालकसमिति तथा संचालकसमितिका उपसमितिहरूको बैठकमा भाग लिएवापत समितिका अध्यक्ष तथा अन्य संचालकहरूलाई दिइने बैठक भत्ता वृद्धि गरी क्रमश: रु. १५,०००/- र रु. १२,०००/- प्रतिबैठक कायम गर्न बैंकको नियमावलीको नियम २९ (ख) संशोधन गर्नेसम्बन्धी प्रस्ताव पारित गर्ने।

१४. नियामक निकायहरूको निर्देशनमा प्रबन्धपत्र तथा नियमावलीका शंसोधित दफाहरूमा आवश्यक परिमार्जन गर्न आवश्यक भएमा सो गर्न संचालक समितिलाई अधिकार प्रदान गर्ने।

संचालकसमितिको आज्ञाले,
कम्पनी सचिव

# एक्काइसौं वार्षिक साधारणसभासमक्ष प्रस्तुत संचालकसमितिको वार्षिक प्रतिवेदन

वि.सं.२०७१ आषाढमासान्तसँगै समाप्त भएको अवधिको लेखापरीक्षण भएको वासलात तथा नाफा नोक्सान हिसाबलगायतका वार्षिक आर्थिक विवरणसहितको यो वार्षिक प्रतिवेदन यहाँहरूसमक्ष प्रस्तुत गर्न पाउँदा नेपाल एसबिआई बैंक लि. को संचालकसमितिलाई खुशी लागेको छ ।

## आ.व. २०७०/७१ को सिंहावलोकन

जुलाई १९९३ देखि व्यवसाय संचालन आरम्भ गरेयता यस नेपाल एसबिआई बैंक लिमिटेडले सेवाको २१ वर्ष पूरा गरिसकेको छ । यस अवधिमा बैंकले नेपालका ३१ जिल्लामा आफ्नो उपस्थिति जनाइसकेको छ ।

विभिन्न किसिमका सर्वसुलभ सेवा प्रदान गर्दै ग्राहक सेवामा सर्वोत्कृष्ट स्तर हासिल गर्न नेपाल एसबिआई बैंक सदैव प्रयत्नशील छ। आ.व. २०७०/७१ मा मुनाफामा सन्तोषजनक वृद्धि हासिल गर्न बैंक सफल भयो। उक्त अवधिमा व्यवसायका अन्य क्षेत्रहरूमा समेत समष्टिगत रूपमा प्रगति हासिल गर्न बैंक सफल भयो ।

## आर्थिक वातावरण

### विश्व अर्थतन्त्र: एक झलक

सन् २०१४ को अप्रिलमा गरिएको प्रक्षेपणको तुलनामा सन् २०१४ को पहिलो अर्धवार्षिक वृद्धि न्यून रहेको भएतापनि रोजगार बजारमा प्रबल वृद्धि भएसँगै (खासगरी अमेरिकामा) अवस्थामा सुधार आउने क्रम जारी छ। वर्षको पहिलो अर्ध वार्षिक अवधिमा अमेरिकी आयातमा प्रक्षेपण गरिएभन्दा अझ मजबुत सुधार देखियो, जसले कमजोर अमेरिकी व्यापारिक क्रियाकलापहरूबाट उत्पन्न हुनसक्ने असरहरू न्यूनीकृत भएको तर्फ संकेत गर्दछ।

लगानी कमजोर भएका र कुल गार्हस्थ्य उत्पादनमा संकुचन भोगिरहेका ल्याटिन अमेरिकी मुलुकहरू र विशेषगरी ब्राजिलले सन् २०१४ को पहिलो अर्धवार्षिक अवधिमा न्यून आर्थिक वृद्धिको सामना गर्नुपर्‍यो। युक्रेनमा छाएको तनावसँगै रूसमा लगानीमा उल्लेख्य कटौती भई ठूलो परिमाणमा पूँजी पलायन भएका कारण रूसले आर्थिक गतिविधिमा मन्दीको असर भोग्नुपर्‍यो भने रूसको उक्त मन्दीको असर अन्य मुलुकहरूमा समेत फैलन पुग्यो । उक्त अवधिमा इटालीले साँघुरिँदो स्थिर वृद्धि हासिल गरे पनि फ्रान्सले कुनै वृद्धि नै हासिल गर्न सकेन भने जर्मनीले पनि अनपेक्षित रूपमा कमजोरीको सामना गर्नुपर्‍यो । परिणामत: समग्र युरो क्षेत्रले नै कमजोर आर्थिक वृद्धि भोग्नु पर्‍यो । उता जापान भने अपेक्षा गरेकोभन्दा कमजोर कुल गार्हस्थ्य उत्पादन हासिल भएसँगै निम्तिन सक्ने मुद्रास्फीतिको नकरात्मक असर टार्न आधारभूत परिमाणात्मक सहजीकरणका उपायहरू (QE) अवलम्बन गर्न बाध्य भयो ।

चीनले वर्षका शुरुवाती दिनहरूमा आर्थिक क्रियाकलापमा मन्दी छाएसँगै वर्षको दोस्रो त्रैमासिकमा आएर द्रुत आर्थिक वृद्धिमा सघाउ पुर्‍याउने क्रियाकलापलाई बढावा दिन आवश्यक उपायहरू अवलम्बन गर्‍यो । सामान्यतया विकसित अर्थतन्त्रहरूमा मुद्रास्फीति दर केन्द्रीय बैंकको नीतिगत आँकलन भन्दा न्यून रहने गरेको पाइन्छ। कैयौँ अर्थतन्त्रहरूमा प्रक्षेपित र वास्तविक तथ्याङ्कबीच उल्लेख्य फरक हुने गरेको छ । युरो क्षेत्रमा मुद्रास्फीति दर अपेक्षा गरिएभन्दा न्यून रह्यो र त्यसमा अझै गिरावट आयो । अमेरिकामा मुद्रास्फीति केही बढेको भएतापनि अमेरिकी केन्द्रीय बैंक (फेड्रल रिजर्भ)को दीर्घकालिक लक्ष्य २ प्रतिशतभन्दा तलनै रहेको छ । वर्षको अन्तिम त्रैमासिकमा भने अमेरिकामा सम्पत्तिको मूल्यमा वृद्धि भई अन्तर्राष्ट्रिय बजारमा ब्याजदर बढ्ने अनुमान गरिएको छ।

समग्रमा वित्तीय संकटका प्रतिकूल असरहरू हराउँदै गएका छन्। मध्य पूर्वमा फैलिएको ईबोला भाइरसले निम्त्याएको संत्रास र अवरोधबाट सृजित प्रतिकूलताका बीच अमेरिका, चीन र भारतले सन् २०१४-२०१५ मा केही सुधार देखाउने अपेक्षा गरिएको छ। अन्तर्राष्ट्रिय मुद्रा कोषले सन् २०१४ मा विश्व अर्थतन्त्र ३.३ प्रतिशत र सन् २०१५ मा ३.८ प्रतिशतले बढ्ने अपेक्षा गरेको छ । सन् २०१४ मा प्रमुख छिमेकी मुलुकहरू भारत र चीनको अर्थतन्त्र क्रमश: ५.६ र ७.४ प्रतिशतले बढ्ने अपेक्षा गरिएको छ।

### नेपालको आर्थिक वातावरण

संविधान सभाको गठन भएसँगै मुलुकले आर्थिक क्रियाकलाप एवं विकासमा चौतर्फी सुधार हासिल गर्ने अनुमान गरिएको छ।

गत वर्षको आधारभूत मूल्यमा वास्तविक कुल गार्हस्थ्य उत्पादन वृद्धिदर ३.५ प्रतिशतको तुलनामा यस आर्थिक वर्ष २०१३-२०१४ मा ५.२ प्रतिशतले बढ्ने अनुमान गरिएको छ । यो वर्ष कृषिक्षेत्र तथा गैर कृषिक्षेत्र क्रमशः ४.७ प्रतिशत र ५.३ प्रतिशतले बढ्ने अनुमान गरिएको छ। गत वर्ष उक्त क्षेत्रहरूको वृद्धि दर क्रमशः १.१ प्रतिशत र ४.६ प्रतिशत रहेको थियो ।

उद्योग क्षेत्रमा अघिल्लो वर्षको २.५ प्रतिशत वृद्धिकै हाराहारी २.७ प्रतिशतले वृद्धि हुने अनुमान गरिएको छ । सेवा क्षेत्र अघिल्लो वर्षको ५.२ प्रतिशतको तुलनामा यस वर्ष ६.१ प्रतिशतले बढ्ने अनुमान गरिएको छ। मुख्यगरी थोक तथा खुद्रा व्यापार, होटल, रेष्टुरेन्ट, यातायात, संचार, वित्तीय मध्यस्थकर्ता, जन प्रशासन तथा सुरक्षा, शिक्षा र स्वास्थ्यको क्षेत्रमा उल्लेख्य विस्तार भएका कारण सेवा क्षेत्रको वृद्धिदर बढ्न गएको हो ।

उपभोक्ता मूल्य सूचकाङ्कका आधारमा वार्षिक औसत उपभोक्ता मुद्रास्फीति आर्थिक वर्ष २०६९/७० को ९.९ को प्रतिशतको तुलनामा आर्थिक वर्ष २०७०/७१ मा ९.१ प्रतिशत रह्यो । अघिल्लो वर्ष रु. ६८ अर्ब ९४ करोडको शोधनान्तर बचतको तुलनामा समीक्ष वर्षमा रु. १२७ अर्ब १३ करोडको शोधनान्तर बचत हासिल भएको छ। अघिल्लो वर्ष चालू खाता बचत रु. ५७ अर्ब ६ करोड रहेकोमा समीक्ष वर्षमा विप्रेषण आप्रवाहमा भएको वृद्धि, ट्राभल आम्दानी तथा वैदेशिक अनुदानमा भएको वृद्धिका कारण चालू खाता रु. ८९ अर्ब ८५ करोडले बचतमा रहेको छ।

समीक्ष अवधिमा कुल निर्यात १७.४ प्रतिशतले वृद्धि भई रु. ९० अर्ब २९ करोड पुग्यो, जुन अघिल्लो वर्ष ३.६ प्रतिशतले वृद्धि भई रु ७६ अर्ब ९२ करोड पुगेको थियो । भारततर्फको निर्यात अघिल्लो वर्षको २.८ प्रतिशतको वृद्धिको तुलनामा समीक्ष वर्षमा १६.५ प्रतिशतले वृद्धि भयो । त्यसैगरी अन्य मुलुकतर्फको निर्यात अघिल्लो वर्षको ५.२ प्रतिशतको वृद्धिको तुलनामा समीक्ष वर्षमा १९.१ प्रतिशतले वृद्धि भयो ।

अघिल्लो वर्ष २०.६ प्रतिशतले वृद्धि भई रु. ५ खर्ब ५६ अर्ब ७४ करोड रहेको आयात तीव्र रूपमा वृद्धि हुने क्रम जारी रहेसँगै यस वर्ष २७.३ प्रतिशतले वृद्धि भई रु. ७ खर्ब ८ अर्ब ७६ करोड पुग्यो । आयातमा वृद्धि हुनमा पेट्रोलियम पदार्थमा बढ्दो निर्भरता मुख्य कारक रहेको छ । भारतसँगको आयात अघिल्लो वर्ष २२.६ प्रतिशतले वृद्धि भएकोमा यस वर्ष २८.८ प्रतिशतले वृद्धि हुन पुग्यो । त्यसैगरी अन्यमुलुकसँगको आयात अघिल्लो वर्षको १६.९ प्रतिशत वृद्धिको तुलनामा यस वर्ष २४.४ प्रतिशतले बढ्यो । फलस्वरूप अघिल्लो वर्षको व्यापार घाटा २३.९ प्रतिशतको तुलनामा यस वर्ष २८.९ प्रतिशतले वृद्धि भई रु. ६ खर्ब १८ अर्ब ४७ करोड पुग्यो । भारतसँगको व्यापार घाटा अघिल्लो वर्षको २६.५ प्रतिशतको वृद्धिको तुलनामा यस वर्ष ३०.८ प्रतिशतले बढ्यो । त्यसैगरी अन्य मुलुकसँगको व्यापार घाटा अघिल्लो वर्षको १९.० प्रतिशतको वृद्धिको तुलनामा यो वर्ष २५.३ प्रतिशतले बढ्यो । नेपालको कुल वैदेशिक व्यापारमा भारतको हिस्सा अघिल्लो वर्ष ६६ प्रतिशत रहेकोमा यो वर्ष नगण्य वृद्धि भई ६६.६ प्रतिशत रह्यो।

परिवर्त्य विदेशी मुद्रा संचिति २०७० आषाढमासान्तको भन्दा २२.९ प्रतिशतले वृद्धि भई २०७१ आषाढमासान्तमा ५ अर्ब ३५ करोड अमेरिकी डलर पुग्यो । आयातको दरलाई आधार मान्दा यो संचितिले ११.५ महिनाको वस्तु तथा १० महिनाको वस्तु तथा सेवाको आयातलाई धान्न पुग्ने देखिन्छ ।

## बैंकिङ्ग उद्योग

नेपाल राष्ट्र बैंकबाट इजाजतप्राप्त बैंक तथा वित्तीय संस्थाहरूको संख्या अघिल्लो वर्ष २०७ रहेकोमा बैंकिङ्ग उद्योगको एकीकरणका लागि संस्थाहरूलाई एकआपसमा गाभ्ने/गाभिने तथा विलय गर्नेसम्बन्धी अभियान अनुसरण गरिएसँगै यो वर्ष उक्त संख्या २०४ मा झरेको छ । २०७१ असारसम्ममा "क" वर्गका बैंकहरूको संख्या ३०, "ख" वर्गका बैंकहरूको संख्या ८४, "ग" वर्गका कम्पनीहरुको संख्या ५३ तथा "घ" वर्गका संस्थाहरूको संख्या ३७ रह्यो। २०७१ असारसम्ममा "क" वर्गका बैंकहरूको शाखा संख्या १५४७, "ख" वर्गका बैंकहरूको शाखा संख्या ८१८, "ग" वर्गका कम्पनीहरूको शाखा संख्या २३९ तथा "घ" वर्गका संस्थाहरूको शाखा संख्या ८२६ पुगेको छ । जुन अघिल्लो वर्ष क्रमशः १४८६, ७६४, २४२ र ६४६ रहेको थियो । यसअनुसार प्रति बैंक तथा वित्तीय संस्था शाखाबाट औसतमा करिब ७,७२४ जनाले सेवा प्राप्त गर्न सक्ने देखिन्छ।

आ.व. २०७०/७१ मा बैंक तथा वित्तीय संस्थाको निक्षेप परिचालन १८.४ प्रतिशत (रु. २ खर्ब १८ अर्ब ६८ करोड) ले बढ्यो । जुन अघिल्लो वर्ष १७.८ प्रतिशत (रु १ खर्ब ७६ अर्ब २७ करोड) ले बढेको थियो । निक्षेप परिचालन वाणिज्य बैंकहरूको १७.८ प्रतिशतले, विकास बैंकहरूको २९.१ प्रतिशतले र वित्त कम्पनीहरूको ५.७ प्रतिशतले बढ्यो । अघिल्लो वर्ष निक्षेप परिचालन वाणिज्य बैंकहरूको १७.९ प्रतिशतले, विकास बैंकहरूको २७.१ प्रतिशतले बढेको थियो भने वित्त कम्पनीहरूको ९.६ प्रतिशतले घटेको थियो ।

आ.व. २०७०/७१ मा बैंक तथा वित्तीय संस्थाको कर्जा १४.४ प्रतिशत (रु. १ खर्ब ६५ अर्ब ४८ करोड)ले बढेको छ । जुन अघिल्लो वर्ष १८.६ प्रतिशत (रु. १ खर्ब ८० अर्ब २० करोड) ले बढेको थियो । वाणिज्य बैंकहरूको कर्जा १३.७ प्रतिशतले, विकास बैंकहरूको २७ प्रतिशतले र वित्त कम्पनीहरूको ४.३ प्रतिशतले वढ्यो । बैंक तथा वित्तीय संस्थाको व्यक्तिगत क्षेत्रमा प्रवाहित कर्जा १८.७ प्रतिशत (रु. १ खर्ब ७६ अर्ब १४ करोड) ले बढेको छ । जुन अघिल्लो वर्ष २०.८ प्रतिशत (रु. १ खर्ब ६१ अर्ब ९२ करोड) ले बढेको थियो । व्यक्तिगत क्षेत्रमा प्रवाहित कर्जा वाणिज्य बैंकहरूको १८.७ प्रतिशतले र विकास बैंकहरूको २९.३ प्रतिशतले वढेको भएतापनि वित्त कम्पनीहरूको व्यक्तिगत क्षेत्रमा प्रवाहित कर्जा २.१ प्रतिशतले घट्को छ ।

२०७० असारमा १.१९ प्रतिशत रहेको ९१ दिने ट्रेजरी बिल्सको भारित औसत ब्याजदर २०७१ असारमा ०.०२ प्रतिशतमा झरेको छ । त्यसैगरी वाणिज्य बैंकहरूको भारित औसत अन्तर-बैंक ब्याजदर ०.८६ प्रतिशतबाट झरी २०७१ असारमा ०.१६ प्रतिशतमा सीमित भएको छ । अन्य बैंक तथा वित्तीय संस्थाहरूको भारित औसत अन्तर-बैंक ब्याजदर २०७० असारमा ५.०३ प्रतिशत रहेकोमा २०७१ असार महिनामा २.४० प्रतिशतमा झरेको छ ।

ने.रा.बैं. ले निर्धारण गरेको परिमार्जित गणना विधिअनुसार २०७१ असारमासान्तमा कृषि विकास बैंकबाहेक अन्य वाणिज्य बैंकहरूको औसत ब्याज अन्तर ५.१५ कायम रहेको छ । वाणिज्य बैंकहरूको औसत आधार ब्याजदर २०७० असारमासान्तमा ९.८३ प्रतिशत रहेकोमा २०७१ असार मसान्तमा ८.३६ प्रतिशत कायम रहेको छ । बैंकको २०७१ असारमासान्तमा ब्याजदर अन्तर ४.९३ प्रतिशत कायम रहेको छ भने २०७१ असोजमासान्तमा आधार दर ८.१७ प्रतिशत रहेको छ । यहाँहरूको बैंक प्रतिस्पर्धी नतिजा हासिल गर्ने क्रम जारी राख्न सफल भएको छ ।

## बैंकको व्यवसायलाई प्रभाव पार्ने समसामयिक घटनाक्रम

### अनिवार्य नगद मौज्दात

नेपाल राष्ट्र बैंकले आ.व. २०७१/७२ को मौद्रिक नीति तथा लगत्तै जारी परिपत्रमार्फत वाणिज्य बैंकहरूको लागि अनिवार्य नगद मौज्दात विगतको ५ प्रतिशतलाई बढाएर ६ प्रतिशत कायम गऱ्यो । वाणिज्य बैंकहरूले वैधानिक तरलता अनुपात १२ प्रतिशत कायम गर्नुपर्नेछ ।

### गाभ्ने, गाभिने तथा विलय हुने प्रावधान

बित्तीय स्थायित्व सशक्तीकरण लागि कार्यान्वयनमा ल्याइएको गाभ्ने, गाभिनेसम्बन्धी नीतिअनुसार आ.व २०७०/७१ मा २३ वटा बैंक तथा वित्तीय संस्थाहरूले एकआपसमा गाभिई ९ वटा बैंक तथा वित्तीय संस्थामा परिणत हुन अन्तिम स्वीकृति लिइसकेका छन् भने ४ वटा बैंक तथा वित्तीय संस्थाहरूले एकआपसमा गभ्न, गाभिन सहमति पत्र पाइसकेका छन् ।

### विपन्न वर्ग र उत्पादनशील क्षेत्रमा कर्जा लगानी

वाणिज्य बैंकहरूले २०७२ आषाढमासान्तसम्ममा कृषि तथा ऊर्जा क्षेत्रमा १२ प्रतिशतसमेत गरी आफ्नो कुल कर्जा तथा सापटीको २० प्रतिशत उत्पादनशील क्षेत्रमा कर्जा प्रवाह गर्नुपर्ने लक्ष्य तोकिएअनुरूप उत्पादनशील क्षेत्र कर्जा लगानीमा जोड दिइएको छ । विपन्न वर्ग कर्जा लगानीको लक्ष्य कुल कर्जा लगानीको ४.५ प्रतिशत तोकिएको छ ।

### चालु वर्षको हाम्रो रणनीति

यहाँहरूको बैंकले ६२ वटा व्यवसायिक इकाइ र ६०७ कर्मचारीमार्फत सेवा प्रदान गरिरहेको छ । यहाँहरूको बैंक एटीएम, एसएमएस बैंकिङ्ग, मोबाईल वालेट, इन्टरनेट बैंकिङ्ग र हालै मात्र प्रचलनमा ल्याइएको आईआरसिटिसि टिकट अनलाईन बुकिङ्ग सुविधा जस्ता सेवा वितरणका विभिन्न वैकल्पिक माध्यमहरूसहितको एउटा समृद्ध बास्केटले सुसज्जित छ । बैंकले

विप्रेषण व्यवसायको लागि एस.बि.आई. का भारतवाहिर रहेका सबै शाखा, तथा एसबिआई समूहसँग आबद्ध एक्सचेन्ज हाउस तथा विप्रेषण सेवा प्रदायक कम्पनीहरूसँग सम्पर्क स्थापित गरी ग्लोबल लिंक सेवा नामको विप्रेषण सेवाको सफलतापूर्वक परीक्षण कारोबारसमेत सम्पन्न गरिसकेको छ । निकट समयमै बैंक उक्त सेवा सुरुवात गर्ने क्रममा छ। यहाँहरूको बैंक प्रविधिमा आधारित अझ उत्कृष्ट उत्पादन तथा एकीकृत सेवाहरूमार्फत व्यवसायका नवीनतम अवसर पहिचान गरी झण्झटमुक्त र उच्च गुणस्तरीय ग्राहक सेवा सुनिश्चित गर्न प्रयासरत छ ।

दिगो र न्यून लागतका आवधिक निक्षेपमा जोड दिने, कार्यसम्पादनसम्बन्धी मापदण्ड तथा बजार हिस्सामा सुधार गर्न रिटेल कर्जालाई विस्तार गर्ने, कर्जा लगानी (सम्पत्ति) को उच्चतम गुणस्तरलाई कायम राख्ने, प्रविधिमा आधारित वातावरणसँग अनुकूल हुनेगरी आफ्ना व्यावसायिक प्रक्रियाहरूको पुनःसंरचना गर्ने, अत्याधुनिक जोखिम व्यवस्थापन प्रणालीलाई थप सुदृढ गर्ने, उच्चस्तरीय ग्राहक सेवालाई सुनिश्चित गर्ने, उत्कृष्ट संस्थागत सुशासन अभ्यासहरूको अनुसरण गर्ने जस्ता कुराहरू विगतमा झैं यहाँहरूको बैंकका मार्गदर्शन एवं रणनीति रहेने क्रमलाई जारी राखिनेछ ।

## आर्थिक वर्ष २०७०/७१ को व्यावसायिक कार्यसम्पादनको समीक्षा

यहाँहरूको बैंकले यस आ.व.मा स्वदेशी मुद्रा बचत २०.०५ प्रतिशतले बढाउन सफल भयो । त्यसैगरी कर्जा लगानीतर्फ बैंकले यो वर्ष २२.३३ (कर्जा नोक्सानी व्यवस्था अघि) प्रतिशतको वृद्धि हासिल गर्‍यो जुन वृद्धि बैंकिङ्ग उद्योगको औसत वृद्धिभन्दा उच्च रहेको छ । योवर्ष पनि मुलुकका सबभन्दा प्रभावशाली र वित्तीय रूपले सशक्त बैंकहरूमध्ये एउटा अग्रणी बैंकको रूपमा स्थापित आफ्नो पहिचान कायम राख्न बैंक सफल भएको छ ।

बैंक आ.व. २०६९/७० मा आर्जन गरेको  संचालन मुनाफा (कर्जा नोक्सानी व्यवस्थाअघिको) रु. १ अर्ब ३० करोड ३० लाखको तुलनामा चालु आ.व. मा रु. १ अर्ब ४४ करोड १४ लाख संचालन मुनाफा आर्जन गर्न सफल भएको छ । साथसाथै कुल निष्क्रिय सम्पत्ति र खुद निष्क्रिय सम्पत्ति क्रमशः ०.२६ प्रतिशत र ०.०४ प्रतिशतमा सीमित राख्न बैंक सफल भएको छ । जुन देशकै सर्वोत्कृष्ट सूचकमध्येको एक हो ।

गत वर्षको तुलनामा वचत खाताहरूको संख्या १२.३६ प्रतिशतले बढी यस वर्ष ५१५,७५२ पुगेको छ । आ.व.को अन्त्यसम्ममा कर्जा खाता (खुद) को संख्या १२५९ ले बढी १६,०७१ पुगेको छ।

यहाँहरूको बैंकले बलियो पूँजी आधार कायम राख्नुको साथै निक्षेप तथा कर्जा ग्राहकहरूको संख्यासमेत उल्लेख्य रूपले विस्तार गर्न सफल भयो । प्रभावकारी अनुगमन एवं जोखिममा आधारित सुपरिवेक्षण विधि तथा संरचनाहरूमा सुधार भएको कारण यहाँहरूको बैंक सरोकारवालाहरूको उच्चतम विश्वास र भरोसा जित्न सफल भएको हो। विश्व सम्पदा सूचीमा रहेको पशुपतिनाथ क्षेत्रमा ग्राहकहरूलाई गुणस्तरीय सेवा पुऱ्याउन यहाँहरूको बैंकले पशुपतिनाथ मन्दिर परिसरमा एक्सटेन्सन काउन्टर खोलेको छ।

## हाम्रो सफलताको मापन

### कार्यसम्पादनसम्बन्धी महत्त्वपूर्ण मापदण्डहरूमा सुधार

(रू. करोडमा)

| आ.व. को समाप्तिमा | | २०७० आषाढमासान्त | २०७१ आषाढमासान्त | वृद्धि/सुधार |
|---|---|---|---|---|
| १ | खुद ब्याज आम्दानी | १६२.३५ | १७४.५० | १२.१५ |
| २ | संचालन मुनाफा | ११७.५१ | १३५.८५ | १८.३४ |
| ३ | खुद नाफा | ७७.१५ | ९२.३० | १५.१५ |
| ४ | निक्षेप लागत (प्रतिशतमा) | ४.४४ | ३.९९ | (०.४५) |
| ५ | आम्दानीमा लागतको अनुपात (प्रतिशतमा) | ४०.६५ | ३९.७० | (०.९५) |
| ६ | खुद ब्याज अन्तर (मार्जिन) (प्रतिशतमा) | ३.१० | ३.२९ | ०.१९ |
| ७ | सम्पत्तिमा प्रतिफल (प्रतिशतमा) | १.१९ | १.५० | ०.३१ |
| ८ | सम्पत्तिमा प्रतिफल (प्रतिशतमा) (विभिन्न मुलुकहरूको क्षेत्रीय संगठनको कोषसँग सम्बद्ध एकमुष्ठ निक्षेपबाहेक) | १.८१ | १.८७ | ०.०६ |
| ९ | प्रतिकर्मचारी मुनाफा | ०.१४ | ०.१५ | ०.०१ |
| १० | कुल निष्कृय कर्जा रकम | १०.८७ | ९.१२ | (१.७५) |
| ११ | निष्कृय कर्जा (प्रतिशतमा) | ०.३७ | ०.२६ | (०.११) |

### रिटेल बैकिङ्गतर्फ

आ.व. २०७०/७१ मा रिटेल निक्षेपतर्फ रु. ४ अर्ब ५३ करोड वृद्धि हासिल भई २५ अर्ब ८६ करोड ७९ लाख पुग्यो । यो वर्ष ५५,८११ वटा नयाँ बचत खाता र ४,३०७ वटा नयाँ चल्ती खाता खोलिए । उत्कृष्ट ग्राहक सेवा र प्रभावकारी मार्केटिङ्ग प्रयासको फलस्वरूप नै बैंक यति धेरै खाताहरू खोल्न सफल भएको हो ।

रिटेल कर्जा तथा सापटीअन्तर्गत प्रवाहित कर्जा रकम रु. ११ अर्ब २० करोड ७३ लाख पुग्यो, जुन अघिल्लो वर्ष ९ अर्ब २६ करोड २२ लाख थियो । यो वर्ष रेटेल कर्जासम्बन्धी बैंकका विभिन्न योजनाहरूमा उपयुक्त परिमार्जन गरियो ।

### कर्जा व्यवस्थापन

आफ्नो कर्जा लगानी पोर्टफोलियोमा वृद्धि गर्दा बैंकले सदैव कर्जाको गुणस्तरमा विशेष ध्यान दिने गरेको छ। यो वर्ष बैंकले कर्जा लगानीमा २२.३३ प्रतिशतले वृद्धि गर्दै कर्जा रकम रु. ३५ अर्ब ७१ करोड ४३ लाख पुऱ्यायो। अघिल्लो वर्ष कर्जा खाताहरूको संख्या १,०२४ रहेकोमा समीक्ष वर्षमा १,११० नयाँ कर्जा खाताहरू थपिए।

### साना तथा मझौला (एसएमई) व्यवसाय

सम्मानजक रोजगारीको अवसर सृजना, परम्परागत एवं मौलिक प्रविधिको विकास र बचत तथा लगानी एकीकरणमा साना तथा मझौला (एसएमई) उद्योगको ठूलो महत्व रहने र नेपालको समग्र विकासमा त्यस्ता उद्योगको उल्लेख्य योगदान हुने तथ्यलाई आत्मसात गर्दै यहाँहरूको बैंकले आ.व. २०७०/७१ मा एसएमईतर्फको व्यवसायमा आफ्नो ध्यान केन्द्रित गऱ्यो । यो वर्ष बैंकले एसएमईतर्फको कर्जा लगानीमा ४१.५२ प्रतिशतको वार्षिक वृद्धि हासिल गऱ्यो ।

### विपन्नवर्ग कर्जा

नेपाल राष्ट्र बैंकले कुल कर्जा तथा सापटीको न्यूनतम ४.५ प्रतिशत विपन्न वर्गमा कर्जा प्रवाह गर्नुपर्ने शर्त तोकेको छ। यहाँहरूको

बैंकले यो वर्ष कुल कर्जा तथा सापटीको ४.७२ प्रतिशत अर्थात् रु. १ अर्ब ३८ करोड ९९ लाख विपन्न वर्गमा कर्जा प्रवाह गरेको छ।

## खराब कर्जा व्यवस्थापन

खराब कर्जा व्यवस्थापनका सम्वन्धमा निवारक व्यवस्थापन र सुधारात्मक व्यवस्थापन गरी दुई खाले रणनीति अख्तियार गर्ने गरिएको छ। कर्जा कारोबार शुरूगर्दाकै समयमा ग्राहकको विश्वशनीयता स्थापित गर्ने कार्यमा विशेष जोड दिई ग्राहकको पहिचानसँग सम्बद्ध पर्याप्त विवरण लिने गरिएको छ। संभाव्य खराब कर्जाको पहिचान गर्न बैंकले मजबुत कर्जा मूल्याङ्कन तथा जोखिम व्यवस्थापन पद्धति लागू गरेको छ। खराब कर्जाका घटनाहरू न्यूनीकरण गर्न कुनै पनि कर्जा खाता खराब कर्जामा परिणत हुनुपूर्व नै खराब हुन सक्ने संकेत पहिचान हुने किसिमले खाताहरूको नियमित निगरानी गर्ने गरिएको छ।

समिक्ष वर्षमा कुल खराब कर्जालाई ०.२६ प्रतिशत र खुद खराब कर्जालाई ०.०४ प्रतिशतमा झार्न बैंक सफल भयो। त्यसैगरी खराब कर्जा खाताको संख्या पनि ६९ बाट झरी ६८ मा आइपुग्यो।

## कोषगार तथा लगानी

बजारमा अधिक तरलताका कारण लगानीको अवसर न्यून रहेको भए तापनि यहाँहरूको बैंक कुशलतापूर्वक लगानी परिचालन गरी लगानीबाट प्राप्त प्रतिफलमा वृद्धि हासिल गर्न सफल भयो। बैंकले आ.व २०७०/७१ मा विदेशी विनिमय व्यवसायवाट रु. १० करोड ७८ लाख आम्दानी गऱ्यो।

## वित्तीय झलक

### खुद ब्याज आम्दानी

यहाँहरूको बैंकको कुल ब्याज आम्दानी आ.व. २०६९/७० मा रु. १ अर्ब ६२ करोड ३५ लाख रहेकोमा आ.व. २०७०/७१ मा ७.४८ प्रतिशतको वृद्धि हासिल भई रु. १ अर्ब ७४ करोड ५० लाख पुग्यो।

### गैरब्याज आम्दानी

यहाँहरूको बैंकको गैर ब्याज आम्दानी आ.व. २०६९/७० मा रु. ५७ करोड ३४ लाख रहेकोमा आ.व. २०७०/७१ मा १२.५७ प्रतिशतले वढी रु. ६४ करोड ५५ लाख पुग्यो।

### मुनाफा

आ.व. २०६९/७० मा रु. १ अर्ब १७ करोड ५१ लाख संचालन मुनाफा हासिल भएकोमा आ.व. २०७०/७१ मा त्यसमा १५.६१ प्रतिशतले वृद्धि भई रु. १ अर्ब ३५ करोड ८५ लाख संचालन मुनाफा हासिल गर्न बैंक सफल भयो। त्यसैगरी बैंकले आ.व. २०६९/७० मा रु. ७७ करोड १५ लाख खुद मुनाफा हासिल गरेकोमा आ.व. २०७०/७१ मा त्यसमा १९.६२ प्रतिशतले वृद्धि भई रु. ९२ करोड २९ लाख खुद मुनाफा हासिल गऱ्यो।

### प्रमुख वित्तीय सूचकाङ्क

आ.व. २०७०/७१ मा बैंकको प्रतिशेयर आम्दानी रु. ३४.८३ (प्रतिशेयर अंकित मूल्य रु.१००) रह्यो।

शेयरको किताबी मूल्यसमेत वृद्धि भई रु. १७१.१५ पुगेको छ। विगत केही वर्षहरूदेखि बैंकले नियमित रूपमा बोनस शेयर जारी गरेका कारण बैंकको चुक्ता पूँजीको अंक बढ्न गएको अवस्थामा पनि शेयरको किताबी मूल्य बढाउन बैंक सफल भएको छ।

समीक्ष अवधिमा बैंकको सम्पत्तिको प्रतिफलमा पनि सुधार भई १.१९ प्रतिशतबाट वढी १.५ प्रतिशत पुगेको छ। त्यसैगरी खुद ब्याज अन्तरमा समेत सुधार भई ३.१० प्रतिशतबाट ३.२९ प्रतिशत पुगेको छ।

यहाँहरूको बैंक उपलब्ध साधन र स्रोतको सही परिचालन गरी कर्जा लगानीमा रु. ६५२.०४ करोडको उल्लेख्य वृद्धि गर्न सफल भयो। विश्वव्यापी रूपमा मान्य अभ्यासअनुरूप कायम हुनुपर्ने स्वस्थ पूँजीगत आधारसमेतलाई कायम राख्दै कर्जा लगानीमा वृद्धि हासिल गर्न बैंक सफल भएको हो। २०७१ आषाढमासान्तमा बैंकको पूँजी पर्याप्तता अनुपात १३.२८ प्रतिशत कायम रहेबाट बैंकको सबल पूँजीगत आधार स्पष्ट हुन्छ। बैंकको उक्त पूँजी पर्याप्तता अनुपात नेपाल राष्ट्रबैंकले तोकेको न्यूनतम दर १० प्रतिशतभन्दा उल्लेख्य रूपमा बढी छ। त्यसैगरी २०७१ आषाढमासान्तमा बैंकको प्राथमिक पूँजी र कुल जोखिम भारित सम्पत्ति (टायर (१) को अनुपात १०.१९ प्रतिशत रह्यो, जुन नेपाल राष्ट्र बैंकले तोकेको न्यूनतम दर ६ प्रतिशतभन्दा निकै बढी हो।

यहाँहरूको बैंकले आफ्नो रणनीतिक पूँजी योजना प्रक्रियाअन्तर्गत बैंकको पूँजीगत आधारलाई दिगो र गुणात्मक हिसाबले वृद्धि गर्ने

क्रममा समीक्ष वर्षमा ७.९% को वार्षिक ब्याजदरमा रु. २० करोड रकमबराबरको १० वर्षे ऋणपत्र जारी गरेको छ। उक्त ऋणपत्रले ईक्रा (नेपाल) बाट प्रदान गरिएका रेटिङ्गमध्ये मुलुकमा हालसम्मकै सर्वोत्कृष्ट "एलएए" रेटिङ्गसमेत प्राप्त गरेको छ । यहाँहरूको बैंकको पूँजीगत आधार सबैखाले सम्बद्ध एवं सम्भावित दवाब परीक्षण परिवेश विश्लेषणका लागि पर्याप्त हुनुका साथै समग्र जोखिमयुक्त कारबोरमा निहित प्रमुख जोखिमहरू वहन गर्न सक्षम छ । भविष्यप्रभावी परिवेशसमेतलाई उपयुक्त तवरले सम्वोधन गर्न र बैंकको निरन्तर प्रगतिका लागि आवश्यक थप व्यवसाय वृद्धि गर्नसमेत उक्त पूँजीगत आधारले पर्याप्त ठाँउ दिएको छ ।

## संस्थागत नागरिक

### आचारसंहिता

यहाँहरूको बैंकले संचालकसमितिका सबै सदस्यहरू, व्यवस्थापनटोली र सबै तहका कर्मचारीहरूले अनिवार्य रूपमा पालन गर्नुपर्ने गरी आचारसंहिताको तर्जुमा गरी कार्यान्वयन गरेको छ। यहाँहरूको बैंकले तर्जुमा गरेको उक्त आचारसंहिता सुशासन ऐनको भावना तथा संस्थागत सुशासनसम्बन्धी ने. रा. बैंकले जारी गरेको मार्गदर्शनसमेतको अनुकुल रहेको छ।

### आन्तरिक नियन्त्रणप्रणाली, अनुगमन तथा लेखापरीक्षण

यहाँहरूको बैंकले सुरक्षित र स्वच्छ तवरले बैंक संचालन हुनसकोस् भन्ने कुरालाई सुनिश्चित गर्न स्वतन्त्र रूपमा कार्य गर्न सक्ने गरी आन्तरिक लेखापरीक्षणप्रणाली तथा संरचना लागु गरेको छ । आन्तरिक लेखापरीक्षक सोभै बैंकको लेखापरीक्षणसमितिको मातहतमा रहेका छन् । निजबाट नेपाल राष्ट्र बैंकका विभिन्न निर्देशनहरूको पालना भए नभएको कुराको निगरानी राख्नेसमेतको जिम्मेवारी निर्वाह हुने गरेको छ । गैर कार्यकारी संचालकको नेतृत्वमा रहने बैंकको लेखापरीक्षणसमितिले बैंकको वित्तीय अवस्था, आन्तरिक नियन्त्रणप्रणालीको पर्याप्तता पुनरवलोकन गर्नुका साथै आन्तरिक लेखापरीक्षण प्रतिवेदनबाट प्राप्त सुझावका आधारमा आवश्यक निर्देशन जारी गर्ने गर्दछ।

यहाँहरूको बैंकले जोखिमकेन्द्रित आन्तरिक लेखापरीक्षण (आरएफआईए) प्रणाली अंगिकार गरी सफलतापूर्वक कार्यान्वयन गर्दै आएको छ। तदनुरूप बैंकको लेखापरीक्षण मार्गदर्शनमा १२ भिन्न प्रकारका लेखापरीक्षणसम्बन्धी क्षेत्रहरु किटान गरिएको छ। आरएफआईए अन्तर्गत जोखिमका आधारमा शाखाहरूलाई तीन समूहमा वर्गिकरण गरी विषयवस्तुको गम्भीरताका आरधारमा लेखापरीक्षणको दायरामा ल्याउने गरिएको छ । अघिल्लो जोखिमकेन्द्रित आन्तरिक लेखापरीक्षणको क्रममा औँल्याइएका कैफियतहरुको गम्भीरताका आधारमा शाखाहरुलाई वर्गिकरण गरी सोही अनुरूप लेखापरीक्षणको समयावधि निर्धारण गर्ने गरिन्छ । व्यवसाय संचालनसँग सम्बद्ध इकाइहरूको स्वयम् लेखापरीक्षण गर्ने परिपाटीसमेत थालनी गरिएको छ, जस अन्तर्गत कुनै इकाइको लेखापरीक्षण सम्बद्ध इकाइ आफैंले गर्ने गर्दछ । यस्तो परिपाटीले क्षेत्रीय प्रबन्धक तथा व्यवस्थापनलाई व्यावसायिक इकाइहरूको कार्य सञ्चालनसँग सम्बद्ध गुणात्मक मापदण्डहरूको प्रभावकारी सुपरिवेक्षणका लागि महत्वपूर्ण अनुगमन एवं नियन्त्रण औजार प्रदान गर्ने गरेको छ ।

### जोखिम व्यवस्थापन

बैंकिङ्ग व्यवसायमा जहिले पनि जोखिम र प्रतिफलबीच टकराब हुने गर्दछ । जोखिम र प्रतिफलबीचको उत्कृष्ट सन्तुलनले नै बैंकको निरन्तरता र समृद्धि सुनिश्चत गर्दछ ।

यहाँहरुको बैंकमा बैंकिङ्ग व्यवसायका विभिन्न क्षेत्रमा उत्पन्न हुन सक्ने सबैखाले जोखिमहरूको व्यवस्थापन तथा नियन्त्रणका लागि आन्तरिक पूँजी पर्याप्तता विश्लेषण प्रक्रिया मूल्याङ्कन समिति, बजार जोखिम व्यवस्थापन समिति, कर्जा जोखिम व्यवस्थापन समिति, सञ्चालन जोखिम व्यवस्थापन समिति, सम्पत्ति-दायित्व व्यवस्थापन समिति जस्ता विभिन्न जोखिम व्यवस्थापन समितिहरू बैंकमा क्रियाशील छन् । उक्त समितिहरूले बैंकिङ्ग व्यवसायका विविध क्षेत्रहरूको नीतिगत परिधिभित्र रही तदारूकताका साथ जोखिमको पहिचान, मूल्याङ्कन, न्यूनिकरण, नियन्त्रण तथा सुपरिवेक्षण गर्ने गर्दछन् । उक्त जोखिम व्यवस्थापन समितिहरूका साथसाथै लेखापरीक्षण समितिसमेत सम्मिलित संयन्त्रमार्फत सञ्चालकसमितिले जोखिम व्यवस्थापनसम्बन्धी कार्यहरूको लेखाजोखा गर्ने गर्दछ । नेपाल राष्ट्र बैंकले २०७१ आषाढ ९ गते जारी गरेको स्थलगत निरीक्षण प्रतिवेदनसमेतले बैंकको जोखिम व्यवस्थापन समितिका क्रियाकलापबारे प्रशंसा गरेको छ। नियामक निकायले यहाँहरूको बैंकको कर्जा व्यवस्थापनसम्बन्धी

कार्यहरू प्रभावकारी ढङ्गबाट सम्पादन भइरहेको, कर्जाको गुणस्तर सुधारोन्मुख रहेको, बैंकको व्यवसायमा निहित अन्तर्निहित अन्य जोखिमको व्यवस्थापनका लागि विभिन्न समितिहरू गठन भई उक्त समितिहरूमा छलफल र आवश्यक निर्णयसमेत सामूहिक तवरबाट गर्ने प्रचलन रहेकोले निर्णय प्रक्रिया पारदर्शी र प्रभावकारी रहेको ठहर गरेको छ । साथै नेपाल राष्ट्र बैंकले यहाँहरूको बैंकको व्यवस्थापन नियमनकारी निकायहरूका नीति, नियमको पालना र बैंककै आन्तरिक नीति नियमहरूको कार्यान्वयनमा पनि कटिबद्ध रही सोहीअनुरूप बैंक संचालनका कार्यहरू भइरहेको ठहर गरेको छ। नेपाल राष्ट्र बैंकले आफ्नो निरीक्षण प्रतिवेदनमा बैंकको समग्र पक्ष सुदृढ भई वित्तीय रूपमा समेत अझ सुदृढ बैंकको रूपमा संचालन हुने अवस्था रहेको औंल्याएको छ ।

१४ अप्रिल २०१४ मा सम्पन्न व्यवस्थापन लेखापरीक्षणमा यहाँहरूको बैंक सर्वोत्कृष्ट रेटिङ्ग "ए प्लस" हासिल गर्न सफल भयो। बैंकले अंगिकार गरेका विधि तथा प्रक्रियाहरू प्रभावकारी रहेका र बैंकको कार्यसम्पादन संस्थागत उद्देश्य तथा अपेक्षाअनुकूल रहेको कुरालाई उक्त व्यवस्थापन लेखापरीक्षणले पुष्टि गरेको छ ।

यहाँहरूको बैंक वासल टुमा प्रवेश गरिसकेको हुँदा बैंकको पूँजी तथा तथा जोखिम भारित सम्पत्तिको अनुपात सोही वासल टुको प्रावधानअनुसार निर्धारण गर्ने गरिएको छ । संचालनसँग सम्बद्ध जोखिमहरूको नियमित रूपमा मूल्यांकन गर्ने कार्यमा अझ बढी सहजता ल्याउने उद्देश्यले यहाँहरूको बैंक निकट भविष्यमै संचालन जोखिम व्यवस्थापन सोलुशननामक सफ्टवेयर प्रयोगमा ल्याउने सोचमा रहेको छ । संचालनसँग सम्बद्ध जोखिमहरू नियन्त्रण, निषेध तथा न्यूनिकरण गर्न बैंकले बृहत् जोखिम व्यवस्थापन मार्गदर्शन कार्यान्वयन गर्नुका साथै आफ्ना संचालन इकाइहरूलाई क्यास म्यानुवल, सूचना प्रविधि म्यानुवल, फिनाकल जब कार्ड, टिएफसीपीसी म्यानुवल, इन्टरनेट बैंकिङ्ग निर्देशिका, मोबाईल बैंकिङ्ग संचालनसम्बन्धी म्यानुवल, कर्जा मूल्यांकन तथा प्रोसेसिङ्गसम्बन्धी निर्देशिका जस्ता विभिन्नखाले म्यानुवल तथा निर्देशिका जारी गरेको छ ।

बैंकले प्रमुख जोखिम अधिकृतको नेतृत्वमा रहने गरी एकीकृत जोखिम व्यवस्थापन विभाग खडा गरेको छ, जसले बैंकको जोखिम व्यवस्थापन संरचनालाई अझ मजबुत बनाउनुका साथै बैंकको व्यवसायमा भएका संभाव्य जोखिमहरू मूल्याङ्कन, पहिचान, अनुगमन र न्यूनिकरण गर्न सघाउ पुऱ्याएको छ ।

### सम्पत्ति तथा दायित्व व्यवस्थापन

सम्पत्ति तथा दायित्वको समुचित व्यवस्थापनलाई सुनिश्चित गर्न बैंक सक्षम रहेको छ र बैंकले समयमै सम्पत्ति तथा दायित्व व्यवस्थापनको अवस्था पुनरवलोकन गर्ने गरेको छ। बजार जोखिमको प्रभावकारी व्यवस्थापनका लागि तरलता जोखिम, ब्याजदर जोखिम र विदेशी विनिमय जोखिमसमेतलाई समेट्ने गरी सम्पत्ति तथा दायित्व व्यवस्थापनसम्बन्धी विस्तृत प्रणाली लागू गरिएको छ ।

तरलता तथा ब्याजदरसम्बन्धी जोखिमलाई स्ट्रक्चरल लिक्विडिटीरिपोर्ट (एसएलआर) को माध्यमबाट मापन गर्ने गरिन्छ । विदेशी मुद्रामा रहेको सम्पत्ति र दायित्वसँग सम्बद्ध जोखिमलाई म्याचुरिटी एण्ड पोजिसन (म्याप) तथा सेन्सिटिभिटी टुइन्ट्रेस्ट (एसआइआर) प्रतिवेदनको माध्यमबाट अनुगमन गर्ने गरिएको छ । १ दिनदेखि ९० दिनसम्मको समय अन्तरालमा तरलता अवस्थाको नियमित रूपमा अनुगमन गर्ने गरिएको छ ।

बैंकको सम्पत्ति तथा दायित्व व्यवस्थापन नीति तथा लगानी नीतिले विभिन्न किसिमका तरलता तथा ब्याजदर जोखिमहरूको व्यवस्थापनका लागि लगानी सीमा निर्धारण गरिदिएको छ । तरलताको दैनिक व्यवस्थापनका लागि प्रत्येक दिन भित्रिने र बाहिरिने निक्षेपको मात्रालाई दैनिक अनुगमन गर्ने पद्धतिको विकास गरिएको छ। समीक्ष वर्षमा तरलता, ब्याजदर तथा विदेशी विनिमयको अवस्थाको दबाब परीक्षणसमेत गरिएको थियो । एसएलआर प्रतिवेदन नियमित रूपमा तयार गरी अवस्थाको पुनरवलोकन गर्ने गरिएको छ। नेपाल राष्ट्र बैंकले तोकेबमोजिम बजार जोखिमको वस्तुस्थिति विश्लेषण समेत गर्ने गरिएको छ।

### कोर बैंकिङ्ग सोलुशन (सिबिएस)

बैंकले फिनाकल नामको कोर बैंकिङ्ग सोलुशन प्रयोग गर्दै आएको छ। उक्त सोलुशन सेवामुखी संरचना, प्रत्यक्ष प्रसारण क्षमता एवं ईनटरनेटमा आधारित प्रविधिले सुसज्जित हप्तामा सातै दिन र चौबीसै घण्टा तत्कालै काम कारोवारको हिसाब राख्ने सुविधायुक्त

प्लेटफर्म हो । उक्त कोर बैंकिङ्ग सोलुशनको माध्यमबाट बैंक एसएमएस बैंकिङ्ग, मोबाईल वालेट, इन्टरनेट बैंकिङ्ग, एटिएम कार्ड जस्ता थुप्रै महत्वपूर्ण सेवाहरू संचालनमा ल्याउन सफल भएको छ।

### कार्ड सेवा

बैंकले आफ्ना ग्राहकहरूलाई एटीएम (डेबिट कार्ड), भारत यात्रा कार्ड, विश्व यात्रा कार्ड जस्ता विविध प्रकारका कार्ड सेवा उपलब्ध गराएको छ। हाम्रा डेबिट कार्ड तथा भारत यात्रा कार्ड इन्टरनेटमार्फत किनमेल गर्न सकिने “भिविभी” सुविधायुक्त छन्। २०७१ असारमासान्तमा बैंकको कार्ड प्रयोग गर्ने ग्राहकहरूको संख्या ४ लाख १८ हजार नाघेको छ । जुन बैंकको कुल ग्राहक संख्या (बचत तथा चल्ती खाता) को ८२ प्रतिशत हो ।

### एटिएम

बैंकको एटिएम लिएका ग्रहकहरूले देशभर जडान गरिएका ७५ वटा एटिएमबाट निःशुल्क कारोबार गर्न सक्छन्। यसदेखिवाहेक बैंकको एटिएम लिएका ग्राहकहरूले नेपालभित्र र भारतमा समेत भिसा कार्ड स्वीकार गर्ने एटिएमबाट अत्यन्तै न्यून सेवा शुल्कमा सेवा उपयोग गर्न सक्छन्। विभिन्न अन्तर्राष्ट्रिय कार्डका प्रयोगकर्ताहरूले समेत हाम्रा एटिएमहरूबाट कारोबार गर्न सक्छन्।

### इन्टरनेट बैंकिङ्ग

बैंकले व्यक्तिगत र संस्थागत दुवैखाले ग्राहकहरूका लागि इन्टरनेट बैंकिङ्ग सेवा निःशुल्क उपलब्ध गराएको छ । बैंकलेग्राहकहरूलाई शीघ्र तथा झण्झटरहित तवरले उक्त सेवा प्रयोग गर्न उत्प्रेरितसमेत गर्ने गरेको छ । बैंकको इन्टरनेट बैंकिङ्ग सेवा अन्तर्गत खातामा अनलाइन रकमान्तर गर्ने, सेवा खरिदसँग सम्बद्ध बिलको भुक्तानी गर्ने, विभिन्नखाले सेवाहरूका लागि अनुरोध गर्ने जस्ता सुविधाहरू उपलब्ध छन्।

यहाँहरूको बैंक आ.व २०७०/७१ मा आईआरसिटिसीको रेल्वे टिकटको आनलाइन बुकिङ्ग सेवा प्रदान गर्ने पहिलो विदेशी बैंक बन्न सफल भएको छ। यो सेवाले हाम्रा ग्राहकहरूलाई इन्टरनेट बैंकिङ्ग सेवाको अझ व्यापक प्रयोग गर्न प्रोत्साहित्त गरेको छ।

इन्टरनेट बैंकिङ्ग सेवाको उपभोग गर्ने ग्राहकहरूको संख्या २६,३५१ पुगेको छ। इन्टरनेट बैंकिङ्ग सेवाका प्रयोगकर्ताहरूको संख्या गत वर्षको भन्दा २९.८५ प्रतिशतले वढेको छ । इन्टरनेट बैंकिङ्ग सेवाको जानकारी दिन तथा यसको प्रयोग गर्न प्रोत्साहन गर्ने उद्देश्यले बैंकले अभियान समेत चलाएको छ ।

### मोबाइल बैंकिङ्ग

७५ हजारभन्दा बढी ग्राहकहरुले मोबाइल बैंकिङ्ग सेवाबाट लाभ लिइरहेकाछन् । ग्राहकहरूले यसअन्तर्गत बैंकिङ्ग सेवासम्वन्धी विविध किसिमका जानकारी लिने, विविध सेवाको लागि अनुरोध गर्ने तथा रकम पठाउने तथा रकम भुक्तानी गर्ने जस्ता सेवाहरू प्राप्त गर्न सक्छन् । मोबाइल बैंकिङ्गका प्रयोगकर्ताहरूले यस सेवामार्फत हवाईयात्राको टिकटसमेत बुक गर्न सक्छन् ।

### सूचनाप्रविधि तथा प्रणालीगत सुरक्षा

सूचनाप्रविधिमा आधारित सेवाहरूसँग सम्बद्ध चुनौती तथा जोखिमहरूको नियन्त्रण गर्ने उद्देश्यले बैंकले सूचना प्रविधि तथा सूचनाप्रणालीको सुरक्षासम्बन्धी विस्तृत प्रणाली विकसित गरेको छ । उक्त प्रणालीले ग्राहकहरूसँग सम्बद्ध सूचनाको गोप्यता तथा तथ्याङ्कको सुरक्षा एवं विश्वसनीयता जस्ता सबै पक्षहरूलाई सम्बोधन गर्दछ । बैंकको कोर बैंकिङ्गसँग सम्बद्ध प्राथमिक तथ्याङ्क स्रोत एवं विपद् पुनःस्थापन केन्द्र (डिजास्टर रिकोभरी साइट) दुवैलाई बैंकभन्दा अलग्गै स्थानमा राखिएको छ । बैंकको कोर बैंकिङ्ग प्रणालीसँग सम्बद्ध तथ्याङ्क केन्द्र (प्राथमिक तथ्याङ्क स्थल र विपद् पुनस्थापन स्थल) ले अन्तर ाष्ट्रिय गुणस्तरको सूचना सुरक्षा व्यवस्थापन प्रणालीको रूपमा मान्यता प्राप्त गरेको छ। प्रत्येक बैंकिङ्ग एप्लिकेशनमा प्रवेश नियन्त्रण (एक्सेस कन्ट्रोल), तथ्याङ्कको गोप्यता (डेटा इनक्रिप्शन) तथा प्रसारण (ट्रान्समिशन) जस्ता सम्बद्ध एप्लिकेशनका लागि आवश्यक सुरक्षासँग सम्बद्ध विशेषताहरू राखिएका छन्। केन्द्रीय स्तरमा राखिएको एन्टी भाइरस सोलुशनमार्फत भाइरसबाट उत्पन्न चुनौती न्यूनिकरण गर्नेगरिएको छ । बैंकको सूचना सञ्जालमा अनधिकृत प्रवेश हुननदिन पर्याप्त मात्रामा फायरवाल्स तथा इन्ट्रयुजन डिटेक्सन प्रणालीको विकास गरिएको छ ।

सबै शाखा तथा कार्यालयका लागि विपद् पुनःस्थापन योजना तर्जुमा गरिएको छ। बैंकका कर्मचारी तथा ग्राहकहरूमा सूचना प्रविधिको

सुरक्षासँग सम्बद्ध विषयहरूमा सचेतना वृद्धि गर्न तथा सूचना प्रविधिको सुरक्षासँग सम्बद्ध प्रावधानहरूको पालना हुने कुरालाई सुनिश्चित गर्न बैंकले विभिन्न कदमहरू चाल्ने गरेको छ। सूचना प्रविधिको सुरक्षासम्बन्धी मार्गदर्शनसहितको विस्तृत पुस्तिका बैंकका सबै शाखा तथा कार्यालयहरूलाई उपलब्ध गराइएको छ।

## ग्राहक सेवा

ग्राहकहरूको संख्यामा विस्तार गरी सर्वोत्कृष्ट सेवा प्रदान गर्ने कार्यलाई जारी राख्नु बैंकको प्रमुख प्राथमिकता हुनेछ। नवीनतम सेवा प्रदान गर्ने, कोर बैंकिङ्ग प्रविधिको भरपुर उपयोग गर्ने र ग्राहकहरूको आवश्यकताअनुरूप प्रमुख व्यावसायिक प्रक्रियाको पुनः तर्जुमा गर्ने जस्ता कुराहरूले बैंकलाई आफ्ना ग्राहकहरूको मन जित्न सघाउ पुऱ्याएका छन् । आज ग्राहकहरू आफ्नो खातामा रहेको मौज्दातको जानकारी आफ्नै मोबाइलमा चाहन्छन्, बैंकका शाखामा नगई रकम पठाउन चाहन्छन् र आफ्ना जिज्ञासा तथा समस्याहरूको समाधान छिटै र सजिलै पाउन चाहन्छन्। हामी ग्राहकका यस्ता चाहनाहरूलाई हाम्रा प्रविधिमा आधारित मोवाईल बैंकिङ्ग, इन्टरनेट बैंकिङ्ग तथा प्रत्यक्ष सहयोगका माध्ययमबाट पूरा गर्दछौं । बैंकले ग्राहक सेवाका सम्बन्धमा प्रतिक्रियात्मक नभई नवीनतम प्रविधिमा आधारित सक्रिय दृष्टिकोण अवलम्बन गरेका कारण ग्राहकहरूलाई सर्वसुलभ रूपमा अन्तर्राष्ट्रिय स्तरको सेवा प्रदान गर्न हामीलाई सहयोग पुगेको छ।

## संस्थागत सामाजिक उत्तरदायित्व

बैंकले संस्थागत नागरिकको हैसियतमा समाजप्रतिको आफ्नो दायित्वलाई राम्रोसँग बुझेको हुनाले नैं सामाजिक उत्तरदायित्व वहन सम्बन्धि विविध कियाकलापहरुमा बैंक सहभागी हुँदैआएको छ। सामाजिक उत्तरदायित्वसम्वन्धी कियाकलापहरू परोपकार र अनुपालनामा सीमित नहुने बैंकको ठम्याइ छ। समुदाय र राष्ट्रको प्रगतिमा साझेदार भई कार्य गर्न बैंक प्रयत्नशील छ । मानव जीवनका प्रत्येक पाइलामा र विशेषगरी समाजका कमजोर र पिछडिएका वर्ग/सुविधाविमुखहरूलाई सहयोगको हात बढाउन बैंकले सदैव आफ्नो तत्परता देखाउँदै आएको छ। यस वर्ष सामाजिक जीवनका विभिन्न क्षेत्र जस्तै प्राकृतिक विपत्ति, शिक्षा, खेलकुद आदिसँग सम्बद्ध विभिन्न व्यक्ति, समूह, संस्थाहरूलाई बैंकले एक्लै वा अन्य संस्थाहरूसँगको सहकार्य/साझेदारीमा सहयोग गऱ्यो।

## संचालकसमितिमा परिवर्तन

एस.बि.आई. लाई प्रतिनिधित्व गर्ने संचालक श्री विजय जसुजा, जिएम (रिटेल तथा सहायक कम्पनी) एस.बि.आई.को अन्तर्राष्ट्रिय बैंकिङ्ग समूहबाट अन्यत्र सरुवा हुनुभएपश्चात् उहाँको स्थानमा श्री गिरीधरा किनी, जिएम (रिटेल तथा सहायक कम्पनी) संचालक नियुक्त हुनुभएको छ। साथै एस.बि.आई. लाई प्रतिनिधित्व गर्ने संचालक श्री हेमन्त जी कान्ट्रेक्टर एस.बि.आई.को सेवाबाट निवृत्त हुनुभएपश्चात् उहाँको स्थानमा संचालक नियुक्त गर्ने प्रक्रिया शुरू भएको छ । यस अवसरमा संचालकसमितिको तर्फबाट बैंक संचालकसमितिका निवर्तमान संचालक श्री विजय जसुजा र श्री हेमन्त जी कान्ट्रेक्टरले बैंकको कामकामकारवाहीलाई मार्गदर्शन गर्न आफ्नो कार्यकालमा पुऱ्याउनुभएको योगदानको उच्च प्रशंसा गर्दै श्री गिरीधरा किनीलाई बैंकको नवनियुक्त संचालकको रूपमा हार्दिक स्वागत गर्न चाहन्छु ।

## लेखापरीक्षकको नियुक्ति

बैंकको २० औं वार्षिक साधारण सभाले नियुक्त गरेबमोजिम आ.व. २०७०/७१ को लेखापरीक्षण कार्य मेशर्स टि.आर.उपाध्याय एण्ड कं., चार्टर्ड एकाउण्टेण्ट्सबाट सम्पन्न भयो। आ.व. २०७०/७१ को लागि नयाँ लेखापरीक्षक बैंकको लेखापरीक्षण समितिले सिफारिस गरेअनुसार बैंकको वार्षिक साधारणसभाले नियुक्त गरेअनुसार हुनेछ।

## अन्य सूचना तथा जानकारी

कम्पनी ऐन, २०६३ को दफा १०९(४) बमोजिम संचालकको प्रतिवेदनमा उल्लेख गरिनुपर्ने विषयवस्तुहरूका अतिरिक्त, धितोपत्र दर्ता तथा निष्कासन नियमावली, २०६५ को नियम २२(१) लगायत अन्य कानूनी प्रावधानहरूमा व्यवस्था भएबमोजिम अन्य आवश्यक विवरण तथा जानकारीहरूलाई वार्षिक प्रतिवेदनको अनुसूचीको रूपमा राखिएको छ ।

## भावी मार्ग

आफ्ना कर्मचारीहरूको दक्षता अभिवृद्धि गर्दै ग्राहकसँगको गहिरो सम्बन्धलाई सुदृढ गर्नु, नयाँ व्यवसायको क्षेत्र पहिचान गरी ग्राहक आधार विस्तार गर्नु, आफ्नो उत्पादन तथा सेवाको वितरण प्रणाली विस्तार गर्दै वित्तीय सेवाको क्षेत्रमा स्थापित आफ्नो व्यावसायिक पहिचानलाई कायम राख्नु हाम्रा प्राथमिकताहरू

हुनेछन् । बैंकका शाखा तथा एटीएमको बृहद् सञ्जालले देशका हरेक क्षेत्रमा बस्ने जनसमुदायलाई सेवा पु¥याउन बैंकलाई मदत मिलेको छ। बैंकको व्यापक उपस्थितिले ग्राहक आधार विस्तार गरी कम लागतको निक्षेप परिचालन गर्न बैंकलाई मदत गरेको छ।

## चालु वर्षको प्रगति प्रतिवेदन (प्रथम त्रैमासिक, २०७१ असोजमासान्त )

आ.व. २०७१/७२ को प्रथम त्रैमासिक अन्त्य भईसकेको छ। यस त्रैमासिकमा बैंकले गरेको प्रगति (अपरिष्कृत) विवरण तल प्रस्तुत गरिएको छ।

**(रू. करोडमा)**

| क्र. सं. | विवरण | असोज मसान्त २०७१ मा समाप्त भएको प्रथम त्रैमाश (अपरिष्कृत) | असार मसान्त २०७१ मा समाप्त भएको अघिल्लो त्रैमाश (अपरिष्कृत) | असोज मसान्त२०७० मा समाप्त भएको अघिल्लो वर्षको प्रथम त्रैमास | अघिल्लो वर्षको तुलनामा यस वर्षको प्रथम त्रैमासमा भएको वृद्धि ％ |
|---|---|---|---|---|---|
| १. | कुल निक्षेप | ५,५०६.६६ | ५,४४९.२९ | ५,६३७.३१ | (२.३२) |
| २. | स्वदेशी मुद्रा निक्षेप (माथि उल्लेख मध्ये) | ४,१९९.७५ | ४,२०२.७२ | ३,६७८.६७ | १४.१६ |
| ३. | कर्जा तथा सापटी (खुद) | ३,७२१.११ | ३,५२७.९६ | ३,००५.२७ | २३.८२ |
| ४. | खुद व्याज आम्दानी | ४६.८६ | १७४.५० | ३९.८६ | १७.५६ |
| ५. | संभावित नोक्सानी व्यवस्था अघिको संचालन मुनाफा | ४२.१२ | १४४.१४ | ३३.२१ | २६.८३ |
| ६. | संचालन मुनाफा | ३८.८३ | १३५.८५ | ३२.११ | २०.९३ |
| ७. | खुद नाफा | २५.६२ | ९२.२९ | २२.२८ | १५.०० |
| ८. | पूँजी/जोखिम भारित सम्पत्ति | १३.१८% | १३.७०% | १२.४८% | ०.७० |
| ९. | निश्क्रिय कर्जा/कुल कर्जा | ०.२३% | ०.२६% | ०.३५% | (०.१२) |
| १०. | कुल कर्जा नोक्सानी व्यवस्था/कुल निश्क्रिय कर्जा | ५१७.२७% | ४७६.४२% | ३८५.२१% | १३२.०६ |
| ११. | कोष लागत (वार्षिक) | ३.४२% | ३.९९% | ४.४०% | (०.९८) |
| १२. | कर्जा निक्षेप अनुपात (नेपाल राष्ट्र बैंकको निर्देशिका वमोजिम) | ७८.१७% | ७५.२३% | ७४.६७% | ३.५० |
| १३. | आधार दर | ८.१७% | ८.७८% | ९.६६% | (१.४९) |
| १४. | सम्पत्तिमा प्रतिफल (वार्षिक) | १.६३% | १.५०% | १.४१% | ०.२२ |

यहाँहरूको बैंकले चालु आर्थिक वर्षमा पनि सन्तोषजनक रूपमा मुनाफा आर्जन गर्ने तथा कार्य सम्पादनसम्बन्धी मापदण्डहरूमा सुधार गर्ने क्रमलाई जारी राखेको छ। चालु आ.व.को प्रथम त्रयमासिकमा कुल निक्षेपमा पनि सुधार भएको छ। यहाँहरूको बैंकले अस्थिर प्रकृतिका उच्च लागत पर्ने संस्थागत निक्षेपको सट्टामा न्यून लागत पर्ने रिटेल निक्षेपलाई प्रोत्साहन गर्ने नीति अवलम्बन गरेको छ। समग्रमा आगामी दिनमा समेत उत्साहजनक प्रगति हासिल गरी प्रगतिको रफ्तार कायम राख्न यहाँहरूको बैंक तयार छ।

## मुनाफाको आर्जन र बाँडफाँड

संचालकसमितिले आ.व. २०७१ आषाढमासान्तसम्ममा आर्जित मुनाफालाई देहायबमोजिम बाँडफाँडका लागि सिफारिस गरेको छ।

| | विवरण | यस वर्ष | गत वर्ष |
|---|---|---|---|
| | **आम्दानी** | | |
| १. | गत वर्षसम्मको संचित मुनाफा (समायोजित) | ५०,५५,७९३ | ८९,१०,६२० |
| २. | यस वर्षको मुनाफा | ९२,२९,८४,००७ | ७७,१४,७१,१२९ |
| ३. | सटही घटबढ कोष | - | - |
| ४. | लगानी समायोजन कोष | ५,१५,३६० | ५,१५,३६० |
| ५. | गत वर्षसम्मको पूँजी समायोजन कोषमा रहेको संचित रकम | ३,५०,००,००० | ५०,००,००० |
| | **कुल** | **९६,३५,५५,१६०** | **७८,५८,९७,१०९** |
| | **खर्च** | | |
| १. | गत वर्षसम्मको संचित नोक्सान | - | - |
| २. | यस वर्षको नोक्सान | - | - |
| ३. | साधारण जगेडा कोष | १८,४५,९६,८०२ | १५,४२,९४,२२६ |
| ४. | भैपरी आउने जगेडा | - | - |
| ५. | संस्था विकास कोष | - | - |
| ६. | लाभांश समीकरण कोष | - | - |
| ७. | कर्मचारी सम्बन्धी जगेडाहरु | - | - |
| ८. | प्रस्तावित लाभांश | १८,६१,४२,७५४ | १७,६६,८०,३८८ |
| ९. | प्रस्तावित बोनस शेयर | ३९,८८,७७,३०० | २९,४४,६७,३०० |
| १०. | विशेष जगेडा कोष | - | - |
| ११. | सटही घटबढ जगेडा कोष | ११,७८,५५६ | ११,३३,५३८ |
| १२. | पूँजी फिर्ता जगेडा कोष | - | - |
| १३. | पूँजी समायोजन कोष | ८,५०,००,००० | ३,५०,००,००० |
| १४. | लगानी समायोजन कोष | - | ५,१५,३६० |
| १५. | ६% नेपाल एसबिआई बैंक लि. ऋणपत्र २०७० भुक्तानी जगेडा कोष | - | २,८५,७१,४२६ |
| १६. | १२.५% नेपाल एसबिआई बैंक लि. ऋणपत्र २०७८ भुक्तानी जगेडा कोष | ४,००,००,००० | ४,००,००,००० |
| १७. | ८% नेपाल एसबिआई बैंक लि. ऋणपत्र २०७९ भुक्तानी जगेडा कोष | ४,००,००,००० | १,७८,६३,०१४ |
| १८. | ७.९% नेपाल एसबिआई बैंक लि. ऋणपत्र २०८० भुक्तानी जगेडा कोष | ४८,२१,९१८ | - |
| १९. | स्थगन कर जगेडा कोष | १,७१,२२,५७९ | ३,२३,१६,०६४ |
| | **जम्मा** | **९५,७७,३९,९०९** | **७८,०८,४१,३१६** |
| २०. | सञ्चित मुनाफा/(नोक्सान) | **५८,१५,२५१** | **५०,५५,७९३** |

नोटः बैंकले २०७१ मंसिर २३ गतेको कारोबार दैनिकमा सूचना प्रकाशित गरी ८९,७६३.९६ कित्ता शेयर लिलाम बढाबढबाट हालै बिक्री गरेको छ । यसअघि बैंकको जारी पूँजीमा उक्त शेयर बराबरको रकम चुक्ता हुन बाँकी थियो । उक्त शेयर बिक्रीपश्चात् बैंकको चुक्ता पूँजी रु. २,६५,९१,८२,२००।०० कायम भएको छ । संचालकसमितिबाट प्रस्तावित नगद लाभांश (७ प्रतिशत) र बोनश शेयर (१५ प्रतिशत) चुक्ता पूँजी रु. २,६५,९१,८२,२००।०० मा आधारित छ । सर्वसाधारण समूहको शेयर स्वामित्वको अनुपात बैंकको प्रबन्धपत्रमा उल्लेख भएबमोजिम कायम हुने गरी थप सार्बजनिक निष्कासन (एफपिओ) मार्फत नयाँ शेयर जारी गर्न २१ औं साधारण सभासमक्ष विशेष प्रस्तावसमेत प्रस्तावित गरिसकिएको छ ।

## धन्यवाद ज्ञापन

आदरणीय ग्राहकवर्ग, शेयरधनी महानुभावहरू एवं समस्त जनसमुदायले बैंकलाई निरन्तर रूपमा सेवा प्रदान गर्ने अवसर प्रदान गर्नुभई विश्वास प्रकट गर्नुभएकोमा बैंकको सचांलकसमिति त्यसको उच्च प्रशंसा गर्दै हार्दिक आभार प्रकट गर्दछ । यसैगरी वर्षभरि बैंकलाई अमूल्य सहयोग समर्थन एवं उचित मार्गदर्शन प्रदान गर्ने नेपाल सरकार, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्डलगायत अन्य सम्पूर्ण नियामक निकायहरूलाई समेत संचालकसमिति हार्दिक धन्यवाद ज्ञापन गर्दछ।

बैंकको समग्र विकास तथा प्रगतिका लागि आफ्ना कर्मचारीहरूले प्रदर्शन गरेको कामप्रतिको प्रतिबद्धता, लगनशीलता र समर्पणको समेत संचालकसमिति उच्च प्रशंसा गर्दछ ।

संचालकसमितिको तर्फबाट
हसना शर्मा
अध्यक्ष
२०७१/१०/१४
काठमाडौं

# वासलात
## ३२ आषाढ २०७१ (१६ जुलाई २०१४)

| पूँजी तथा दायित्व | | यस वर्ष रू. | गत वर्ष रू. |
|---|---|---|---|
| १ | शेयर पूँजी | ३,०४,९०,८३,१०४ | २,६५,०२,०५,८०४ |
| २ | जगेडा तथा कोषहरू | १,४८,६७,१५,५६६ | १,१४,८७,५१,६१३ |
| ३ | ऋणपत्र तथा बण्ड | १,००,००,००,००० | ८०,००,००,००० |
| ४ | तिर्न बाँकी कर्जा सापट | – | – |
| ५ | निक्षेप दायित्व | ५,४४,९२९,९३,६०६ | ५९,१२,५७,२९,४५३ |
| ६ | भुक्तानी दिनुपर्ने बिलहरू | १५,६३,६६,६१० | १६,५३,५४,६८६ |
| ७ | प्रस्तावित नगद लाभांश | १८,६१,४२,७५४ | १७,६६,८०,३८८ |
| ८ | आयकर दायित्व | – | – |
| ९ | अन्य दायित्व | ७१,१६,७०,७१५ | ७२,९४,३०,८७८ |
| **कुल पूँजी तथा दायित्व** | | **६१,०८,२९,७२,३५५** | **६४,७९,६१,५२,८२२** |
| **सम्पत्ति** | | | |
| १ | १. नगद मौज्दात | १,५२,७०,२८,७८३ | १,२३,९४,५३,११९ |
| २ | २. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | ३,८९,०९,८९,१६४ | ४,९५,७०,६४,४९३ |
| ३ | ३. बैंक/वित्तीय संस्थामा रहेको मौज्दात | १,२३,६९,५३,१७३ | १,५१,६८,८५,७२३ |
| ४ | ४. माग तथा अल्प सूचनामा प्राप्त हुने रकम | – | १३,८९,२५,४३४ |
| ५ | ५. लगानी | १७,७२,२३,९५,६५४ | २५,९०,६१,१९,८१४ |
| ६ | ६. कर्जा, सापट तथा बिल खरिद | ३५,२७,९५,८३,३३९ | २८,७८,८१,४६,६२५ |
| ७ | ७. स्थिर सम्पत्ति | ६०,७४,४६,५७२ | ६६,१५,८९,२०३ |
| ८ | ८. गैर बैकिङ्ग सम्पत्ति | – | – |
| ९ | ९. अन्य सम्पत्ति | ८१,८५,७५,६७० | १,५८,७९,६८,४११ |
| | **कुल सम्पत्ति** | **६१,०८,२९,७२,३५५** | **६४,७९,६१,५२,८२२** |

(अनिल कुमार सिंह)
प्रमुख वित्तीय अधिकृत

(आलोक कुमार शर्मा)
प्रबन्धसंचालक

(हसना शर्मा)
अध्यक्ष

(मनोज कुमार अग्रवाल)
संचालक

(निरञ्जन कुमार टिबरेवाला)
संचालक

(गोकुल राम थापा)
विशेषज्ञ संचालक

यसैसाथ संलग्न हाम्रो प्रतिवेदन अनुसार

(शशि सत्याल, एफ.सि.ए.) व्यवस्थापकीय साझेदार,
टि.आर.उपाध्याय एण्ड कम्पनी, चार्टर्ड एकाउण्टेण्टस्

(आर. कार्त्तिकेयन)
संचालक

(गिरिधरा किनी)
संचालक

# नाफा नोक्सान हिसाब

## २०७० श्रावण १ देखि २०७१ आषाढ ३२ गते (१६ जुलाई २०१३ देखि १६ जुलाई २०१४) सम्म

| विवरण | | यस वर्ष रू. | गत वर्ष रू. |
|---|---|---|---|
| १ | ब्याज आम्दानी | ३,९७,६६,४७,५८३ | ४,११,०५,१४,१२६ |
| २ | ब्याज खर्च | २,२३,१६,०४,२५३ | २,४८,६९,७८,९७९ |
| | **खुद ब्याज आम्दानी** | **१,७४,५०,४३,३३०** | **१,६२,३५,३५,१४७** |
| ३ | कमिशन तथा डिस्काउण्ट | ३२,०४,२५,४१२ | ३१,३६,९६,५५५ |
| ४ | अन्य सञ्चालन आम्दानी | २१,७२,६७,१५१ | १५,७७,५५,६८४ |
| ५ | सटही घटबढ आम्दानी | १०,७८,०६,९६७ | १०,१९,१५,१२८ |
| | **कुल सञ्चालन आम्दानी** | **२,३९,०५,४२,८६०** | **२,१९,६९,०२,५१४** |
| ६ | कर्मचारी खर्च | ४४,३०,७७,८०३ | ४१,६५,६०,४१२ |
| ७ | अन्य संचालन खर्च | ५०,६०,२८,८२६ | ४७,७२,४६,८९१ |
| ८ | सटही घटबढ नोक्सान | - | - |
| | **सम्भावित नोक्सानी व्यवस्थाअघिको सञ्चालन मुनाफा** | **१,४४,१४,३६,२३१** | **१,३०,३०,९५,२११** |
| ९ | सम्भावित नोक्सानी व्यवस्थाहरू | ८,२९,६६,६९९ | १२,८०,४०,५९६ |
| | **सञ्चालन मुनाफा** | **१,३५,८४,६९,५३२** | **१,१७,५०,५४,६१५** |
| १० | गैर सञ्चालन आम्दानी/(नोक्सान) | ८७,२८,२७६ | (२,८७,२८६) |
| ११ | सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता | ७,१८,१०,०८२ | ४,३८,६१,०९० |
| | **नियमित कारोबारबाट भएको मुनाफा** | **१,४३,९०,०७,८९०** | **१,२१,८६,२८,४१९** |
| १२ | असामान्य कारोबारहरूबाट भएको मुनाफा/(नोक्सान) | ४१,३१,२३७ | २३,२६,३५७ |
| | **सम्पूर्ण कारोबार समावेशपछिको खुद मुनाफा** | **१,४४,३१,३९,१२७** | **१,२२,०९,५४,७७६** |
| १३ | कर्मचारी बोनस व्यवस्था | १३,११,९४,४६६ | ११,०९,९५,८८९ |
| १४ | आयकर व्यवस्था | ३८,८९,६०,६५४ | ३३,८४,८७,७५८ |
| | ▶ यस वर्षको कर व्यवस्था | ४०,६०,८३,२३३ | ३६,३५,३०,५५३ |
| | ▶ विगत वर्षसम्मको कर व्यवस्था | - | ५,६५,४५६ |
| | ▶ यस वर्षको स्थगन कर (आम्दानी) खर्च | (१,७१,२२,५७९) | (२,५६,०८,२५१) |
| | **खुद नाफा/(नोक्सान)** | **९२,२९,८४,००७** | **७७,१४,७१,१२९** |

(अनिल कुमार सिंह)
प्रमुख वित्तीय अधिकृत

(आलोक कुमार शर्मा)
प्रबन्धसंचालक

(हसना शर्मा)
अध्यक्ष

(मनोज कुमार अग्रवाल)
संचालक

(निरञ्जन कुमार टिबरेवाला)
संचालक

(गोकुल राम थापा)
विशेषज्ञ संचालक

(आर. कार्त्तिकेयन)
संचालक

(गिरिधरा किनी)
संचालक

यसैसाथ संलग्न हाम्रो प्रतिवेदन अनुसार

(शशि सत्याल, एफ.सि.ए.) व्यवस्थापकीय साझेदार,
टि.आर.उपाध्याय एण्ड कम्पनी, चार्टर्ड एकाउण्टेण्टस्

# नगद प्रवाह विवरण

## २०७० श्रावण १ देखि २०७१ आषाढ ३२ गते (१६ जुलाई २०१३ देखि १६ जुलाई २०१४) सम्म

| विवरण | | यस वर्ष रू. | गत वर्ष रू. |
|---|---|---|---|
| **(क)** | **कारोबार संचालनबाट नगद प्रवाह** | **(१,२०,७९,५३,९७६)** | **२,०६,०७,३४,२४२** |
| **१** | **नगद प्राप्ति** | **५,५७,४५,०९,०४३** | **४,०८,७२,९६,३४६** |
| १.१ | ब्याज आम्दानी | ४,८५,४३,३७,२५४ | ३,५१,६७,०८,५०७ |
| १.२ | कमिशन तथा डिष्काउन्ट आम्दानी | ३२,०४,२५,४१२ | ३१,३६,९६,५५५ |
| १.३ | विदेशी विनिमय कारोबारबाट आम्दानी | १०,३०,९२,७४६ | १०,१९,१५,१२८ |
| १.४ | अपलेखित कर्जाको असुली | ६,४९,४६५ | २३,२६,३५७ |
| १.५ | अन्य आम्दानी | २९,६०,०४,१६६ | १५,२६,४९,७९९ |
| **२** | **नगद भुक्तानी** | **३,६४,८०,७६,५०४** | **३,६७,१५,०९,१२८** |
| २.१ | ब्याज खर्च | २,२०,६३,८०,७६१ | २,४७,०१,१४,४३६ |
| २.२ | कर्मचारी खर्च | ४०,२२,६३,५४३ | ३३,००,१०,३६७ |
| २.३ | कार्यालय संचालन खर्च | ३९,८२,२२,८९६ | ३६,६१,१४,७९३ |
| २.४ | आयकर भुक्तानी | ४२,७०,४८,१३९ | ३९,६६,००,००० |
| २.५ | अन्य खर्च | २१,४१,६१,१६५ | १०,८६,६९,५३२ |
| **कार्यगत पूँजी गतिविधिअघिको नगद प्रवाह** | | **१,९२,६४,३२,५३९** | **४१,५७,८७,२१८** |
| | **संचालनसम्बन्धी चालु सम्पत्तिमा कमी /(वृद्धि)** | **१,७६,०१,४४,२०७** | **(४,०१,६६,१२,३६१)** |
| १ | माग तथा अल्प सूचनामा प्राप्त हुने रकममा कमी /(वृद्धि) | १३,८९,२५,४३४ | ३,९३,२४,५६६ |
| २ | अन्य अल्पकालिक लगानीमा कमी /(वृद्धि) | ८,१९,५३,०३,१०३ | (१,४३,०८,२८,३९८) |
| ३ | कर्जा तथा बिल्स खरिदमा कमी /(वृद्धि) | (६,४९,२२,९५,९४२) | (२,७३,०२,३१,९५८) |
| ४ | अन्य सम्पत्तिमा कमी /(वृद्धि) | (८,१७,८८,३८८) | १०,५१,२३,४२९ |
| | **संचालनसम्बन्धी चालु दायित्वमा (कमी) /वृद्धि** | **(४,८९,४५,३०,७२२)** | **५,६६,१५,५९,३८५** |
| १ | निक्षेप दायित्वमा (कमी) /वृद्धि | (४,६३,२७,३५,८४७) | ५,५८,३१,९१,४६३ |
| २ | सर्टिफिकेट अफ डिपोजिटमा (कमी) /वृद्धि | - | - |
| ३ | अल्पकालिक सापटीमा (कमी) /वृद्धि | - | - |
| ४ | अन्य दायित्वमा (कमी) /वृद्धि | (२६,१७,९४,८७५) | ७,८३,६७,९२२ |
| **(ख)** | **लगानी कारोबारमा नगद प्रवाह** | **(५,५१,९२,४६०)** | **(६,०२,४७,५५४)** |
| १ | दीर्घकालिक लगानीमा कमी /(वृद्धि) | - | - |
| २ | स्थिर सम्पत्तिमा कमी /(वृद्धि) | (६,०९,४३,१७९) | (५,८१,७३,२६२) |

| | | | |
|---|---|---|---|
| ३ | दीर्घकालिक लगानीमा ब्याज आम्दानी | – | – |
| ४ | लाभांश आम्दानी | ३३,२८,०७३ | (२०,७४,२९२) |
| ५ | अन्य | २४,२२,६४६ | – |
| **(ग)** | **वित्तीय स्रोत कारोबारबाट नगद प्रवाह** | **२०,००,००,०००** | **२०,००,००,०००** |
| १ | दीर्घकालिक ऋण (बण्ड, डिबेन्चर आदि) मा वृद्धि/(कमी) | २०,००,००,००० | २०,००,००,००० |
| २ | शेयर पूँजीमा वृद्धि/(कमी) | – | – |
| ३ | अन्य दायित्वमा वृद्धि/(कमी) | – | – |
| ४ | नेपाल राष्ट्र बैंकबाट प्राप्त सहुलियत/पुनःकर्जामा वृद्धि/(कमी) | – | – |
| **(घ)** | **नगद तथा बैंक मौज्दातको विनिमय दरमा भएको फरकबाट आम्दानी/खर्च** | **४७,१४,२२१** | **४५,३४,१५१** |
| **(ङ)** | **यस वर्षको सम्पूर्ण गतिविधिबाट नगद प्रवाह** | **(१,०५,८४,३२,२१५)** | **२,२०,५०,२०,८३९** |
| **(च)** | **नगद तथा बैंकमा रहेको शुरू मौज्दात** | **७,७१,३४,०३,३३५** | **५,५०,८३,८२,४९६** |
| **(छ)** | **नगद तथा बैंकमा रहेको अन्तिम मौज्दात** | **६,६५,४९,७१,१२०** | **७,७१,३४,०३,३३५** |

(अनिल कुमार सिंह)
प्रमुख वित्तीय अधिकृत

(आलोक कुमार शर्मा)
प्रबन्धसंचालक

(हसना शर्मा)
अध्यक्ष

(मनोज कुमार अग्रवाल)
संचालक

(निरञ्जन कुमार टिबरेवाला)
संचालक

(गोकुल राम थापा)
विशेषज्ञ संचालक

यसैसाथ संलग्न हाम्रो प्रतिवेदन अनुसार

(आर. कार्त्तिकेयन)
संचालक

(गिरिधरा किनी)
संचालक

(शशि सत्याल, एफ.सि.ए.) व्यवस्थापकीय साझेदार,
टि.आर.उपाध्याय एण्ड कम्पनी, चार्टर्ड एकाउण्टेण्टस्

## अनुसूची

## कम्पनी ऐन, २०६३ को दफा १०९(४) बमोजिमको थप विवरण

**क) समीक्ष वर्षमा बैंकद्वारा कुनै शेयरहरु जफत गरिएको छैन ।**

**ख) बैंकले आर्थिक वर्ष २०७०/७१ मा सम्पन्न गरेका प्रमुख कारोबारहरु र त्यस अवधिमा कम्पनीको कारोबारमा आएको कुनै महत्वपूर्ण परिवर्तनः**

बैंकले आफ्नो प्रबन्धपत्र तथा नियमावलीमा उल्लिखित उद्देश्य एवं कार्यहरूअनुरूप नै आफ्नो कारोबार सम्पन्न गरेको थियो र बैंकको कार्यप्रगतिको झलक संचालकसमितिको प्रतिवेदनमा उल्लेख गरिसकिएको छ। समीक्ष वर्षमा बैंकले सम्पन्न गरेको कारोबारको प्रकृतिमा कुनै खास परिवर्तन आएको थिएन ।

**ग) कम्पनी ऐन २०६३ ले गरेको व्यवस्थाअनुरुप समीक्ष वर्षमा कम्पनीका आधारभूत शेयरधनीहरुबाट कुनै जानकारी प्राप्त भएको छैन ।**

**घ) समीक्ष आर्थिक वर्षमा कम्पनीका सञ्चालक तथा प्रमुख पदाधिकारीहरुले बैंकको कुनै शेयर लिएको जानकारी बैंकलाई प्राप्त भएको छैन । साथै प्रचलित कानूनको विपरीत हुने गरी निजहरुबाट बैंकको शेयरसम्बन्धमा कुनै कारोबारसमेत भएको जानकारी प्राप्त भएको छैन ।**

**ङ) आर्थिक वर्ष २०७०/७१ मा बैंकसँग सम्बद्ध सम्झौताहरुमा कुनै संचालक तथा निजको नजिकको नातेदारको व्यक्तिगत स्वार्थ रहेको बारेमा कुनै जानकारी प्राप्त भएको छैन ।**

**च) बैंकले हालसम्म आफ्नो कुनै पनि शेयर आफैँले खरीद गरेको छैन ।**

**छ) विगत आर्थिक वर्षको कुल व्यवस्थापनखर्चको विवरणः**

| क्र. सं. | विवरण | रकम (रू.) |
|---|---|---|
| १ | कर्मचारी खर्च | ४४,३०,७७,८०३/- |
| २ | अन्य संचालन खर्च | ५०,६०,२८,८२६/- |

**ज) लेखापरीक्षणसमिति**

समीक्ष आ. व. का लेखापरीक्षणसमितिमा संलग्न पदाधिकारीहरूः

| क्र. सं. | नाम | पद |
|---|---|---|
| १) | श्री मनोज कुमार अग्रवाल, सर्वसाधारण शेयरधनीका तर्फबाट निर्वाचित संचालक | अध्यक्ष |
| २) | श्री गोकुल राम थापा, विशेषज्ञ संचालक | सदस्य |
| ३) | प्रबन्धसंचालक बाहेक एस.बि.आई. लाई प्रतिनिधित्व गर्ने एक संचालक | सदस्य |
| ४) | श्री लेखनाथ पोखरेल, आन्तरिक लेखापरिक्षक | सदस्य सचिव |

- आ.व. २०७०/७१ मा सम्पन्न भएको समितिको बैंठक संख्या - १२ (बाह्र मात्र)
- समितिका सदस्यलाई भुक्तानी दिइएको बैठकभत्ता
  - एस.बि.आई. का संचालकबाहेक अरू संचालकहरूलाई - रु. १,९२,०००/-
  - एस.बि.आई. लाई प्रतिनिधित्व गर्ने संचालकलाई - शून्य ।
- लेखापरीक्षणसमितिले गरेका कार्यहरू
  - बैंकको त्रैमासिक विवरणको पुनरवलोकन गरी समितिमा पेश गर्ने ।
  - बैंकको आन्तरिक लेखापरीक्षण विभागले गरेका कार्यहरूको सुपरिवेक्षण ।
  - बैंक संचालकका विभिन्न क्षेत्रहरूसँग सम्बद्ध आन्तरिक नियन्त्रण कार्यहरूको पुनरवलकन ।
  - आन्तरिक लेखापरीक्षण कार्यक्रम तर्जुमा ।
  - लेखापरीक्षक तथा नेपाल राष्ट्र बैंकको निरिक्षण टोलीबाट दिइएका सुझावहरूको कार्यान्वयन स्थितिको पुनरवलोकन ।
  - लेखापरीक्षकको नियुक्तिका लागि साधारणसभामा नाम सिफारिस गर्ने ।
  - संचालकसमितिसमक्ष पेश गरिने वित्तीय विवरणहरू ठिक दुरुस्त रहे-नरहेको सुनिश्चित गर्ने ।
  - नोस्ट्रो खाताहरूको अवस्थाको पुनरवलोकन गर्ने ।

**झ) कुनै पनि संचालक, प्रबन्धसंचालक, कार्यकारी प्रमुख, बैंकका आधारभूत शेयरधनी वा निजको नजिकका नातेदार वा निज संलग्न रहेको फर्म, कम्पनी वा संगठित संस्थाको बैंकलाई बुझाउन बाँकी रकमसम्वन्धी विवरणः** नेपाल राष्ट्र बैंकले संचालक श्री मनोज कुमार अग्रवालका लागि बैंकले बेहोरेका केही खर्च असुल गर्न निर्देशन गरेको । बैंकले प्रबन्धपत्र, नियमावली तथा प्रचलित कानूनी व्यवस्था र खास अवस्थाको लेखाजोखा गरी निर्देशन पुनरवलोकनका लागि नेपाल राष्ट्र बैंकसमक्ष निवेदन गरेको ।

**ञ) बैंकका सञ्चालक, प्रबन्धसंचालक तथा पदाधिकारीहरुलाई पारिश्रमिक, भत्ता तथा सुविधाको रुपमा तल लेखिएअनुसारको रकम भुक्तानी गरिएको थियो ः**

**१) संचालकसमितिका सदस्यहरुको भत्ता/सुविधा**

आर्थिक वर्ष २०७०/७१ मा बैंकका संचालकसमितिका सदस्यहरूलाई विभिन्न बैठकहरूका लागि बैठकभत्ता/सुविधाबापत जम्मा रु. ६,२४,०००/- भुक्तानी भएको थियो । जसमा रु. २,६४,०००/- लेखापरीक्षण समिति र जोखिम व्यवस्थापन समितिका बैठकभत्ता वापत भुक्तानी भएको थियो ।

(संचालक समितिको अध्यक्षलाई रु. १०,०००/- प्रतिबैठक एवं अन्य संचालकलाई रु. ८,०००/- प्रतिबैठकका दरले) ।

**२) प्रबन्धसंचालक तथा अन्य पदाधिकारीहरु**

क) समीक्ष वर्षमा प्रबन्धसंचालक र भारतबाट खटिई आएका पदाधिकारीहरू (एस.बि.आई. ले खटाएको व्यवस्थापनटोली) लाई निजहरूको आवासभाडा, औषधोपचार खर्च तथा भुक्तानीयोग्य भत्ता तथा खर्च बापत रु.४७,२१,८८०.७३ भुक्तानी गर्नुका अतिरिक्त कुनै पारिश्रमिक दिइएको थिएन । निजहरूको पारिश्रमिक तथा भत्ता प्राविधिक सेवा सम्झौताबमोजिम एस.बि.आई., भारतले नै बेहोर्ने गर्दछ ।

ख) अन्य पदाधिकारीहरू : बैंकका अन्य पदाधिकारीहरूलाई पारिश्रमिक, भत्ता तथा सुविधाबापत जम्मा रु. ४४,३०,७७,८०३/- भुक्तानी गरिएको थियो ।

**ट) शेयरधनीहरुले बुझिलिन बाँकी रहेको लाभांशको रकम ः**

२०७१ आषाढमासान्तसम्ममा बैंकका शेयरधनीहरूको तल उल्लिखित आर्थिक वर्षहरूको लाभांश बुझिलिन बाँकी रहेको थियो :

| आर्थिक वर्ष | रकम रू. |
|---|---:|
| २०५२/५३ | २,६४,२००.०० |
| २०५३/५४ | २,४९,६००.०० |
| २०५४/५५ | २,८५,२००.०० |
| २०५५/५६, २०५६/५७ | ४,३६,५००.०० |
| २०५९/६० | ५,९१,८१९.६० |
| २०६२/६३ | ५,८०,८११.०० |
| २०६३/६४ | ९,८४,६२७.५० |
| २०६६/६७ | १८,४१,३३३.४४ |
| २०६७/६८ | २३,१२,२७९.०१ |
| २०६८/६९ | ३३,०२,४७८.७८ |
| २०६९/७० | ९३,६४,९३७.७९ |
| कुल | २,०२,१३,७८७.१२ |

**ठ) कम्पनी ऐन, २०६३ को दफा १४१ मा व्यवस्था भएअनुरुप बैंकले समीक्ष आर्थिक वर्षमा कुनै सम्पत्ति खरिद गरेको छैन ।**

**ड) कम्पनी, ऐन, २०६३ को दफा १७५ मा व्यवस्था भएअनुरुप बैंकले समीक्ष आर्थिक वर्षमा आफ्ना सम्बद्ध कम्पनीसँग कुनै कारोबार गरेको छैन ।**

# नेपाल एसबिआई बैंक लिमिटेडका
# शेयरधनीहरूमा लेखापरीक्षकको प्रतिवेदन

हामीले नेपाल एसबिआई बैंक लिमिटेडको यसैसाथ संलग्न २०७१ आषाढ ३२ (१६ जुलाई २०१४) को वासलात, सोही मितिमा समाप्त भएको वर्षको नाफा नोक्सान हिसाब, इक्विटीमा भएको परिवर्तनको विवरण र नगद प्रवाह विवरण एवं प्रमुख लेखा नीतिहरू तथा लेखासम्बन्धी टिप्पणीहरूको लेखा परीक्षण सम्पन्न गरेका छौं ।

## वित्तीय विवरणहरूउपर व्यवस्थापनको उत्तरदायित्व

वित्तीय विवरणहरू नेपाल लेखामानअनुसार तयार गरिएको छ एवं उचित प्रस्तुतिको दायित्व व्यवस्थापनमा रहेको छ। जालसाजी वा त्रुटिका कारणले हुने सारभूत त्रुटिरहित वित्तीय विवरणहरू तयारी एवं उचित प्रस्तुतिका निम्ति उचित आन्तरिक नियन्त्रण तर्जुमा, कार्यान्वयन एवं संचालन गर्ने, उचित लेखा नीतिहरू चयन एवं कार्यान्वयन गर्ने तथा परिस्थितिजन्य लेखासम्बन्धी अनुमान गर्ने दायित्व पनि व्यवस्थापनको हो।

## लेखापरीक्षकको उत्तरदायित्व

लेखापरीक्षणको आधारमा वित्तीय विवरणहरूउपर राय जारी गर्नु हाम्रो उत्तरदायित्व हो। हामीले हाम्रो लेखापरीक्षण नेपाल लेखापरीक्षण मानबमोजिम सम्पन्न गरेका छौं। ती मानले हामीलाई व्यावसायिक नैतिकताको पालना गर्न तथा वित्तीय विवरणहरू सारभूत रूपमा त्रुटिरहित भएको बारेमा मनासिब आश्वासन प्राप्त गर्न लेखापरीक्षणको योजना बनाउन र लेखापरीक्षण सम्पन्न गर्न अनिवार्य गराउँछन्।

लेखापरीक्षणअन्तर्गत वित्तीय विवरणमा प्रदर्शित रकम एवं अन्य विवरणहरूको पुष्ट्याइँ गर्ने प्रमाणको नमुना परीक्षण गरिन्छ । नमुना परीक्षण हाम्रो विवेक तथा जालसाजी वा त्रुटिका कारणले वित्तीय विवरणहरूमा हुने सारभूत त्रुटिको जोखिमको आँकलनमा भर पर्दछ । जोखिमको आँकलन गर्दा संस्थाका वित्तीय विवरणहरूको तयारी एवं उचित प्रस्तुति सम्बद्ध आन्तरिक नियन्त्रण विश्लेषण गरी परिस्थितिजन्य लेखापरीक्षणका कार्यविधिहरू तर्जुमा गर्छौं । यी लेखापरीक्षणका कार्यविधिहरू संस्थाको आन्तरिक नियन्त्रणको प्रभावकारितामा राय प्रकट गर्ने प्रयोजनका लागि भने होइनन्। व्यवस्थापनले अवलम्बन गरेको लेखासिद्धान्त तथा गरिएका महत्त्वपूर्ण अनुमानहरू एवं वित्तीय विवरण प्रस्तुतिको समग्र स्थितिको मूल्याङ्कन गर्नु पनि लेखापरीक्षणअन्तर्गत पर्दछ । लेखापरीक्षणले हाम्रो रायलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।

## कम्पनी ऐन, २०६३ र बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ ले तोकेका कुराहरूउपरको प्रतिवेदन

हामीले लेखापरीक्षणको सिलसिलामा आवश्यक ठानी सोधनी तथा कैफियततलब गरेका कुराहरूको जवाफ एव स्पष्टीकरण सन्तोषजनक पायौं, जुन हाम्रो ज्ञान र विश्वासमा लेखापरीक्षणका लागि आवश्यक थियो । हाम्रो रायमा यस प्रतिवेदनसँग सम्बद्ध वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण नेपाल राष्ट्र बैंकले तोकेबमोजिम तयार भएको छ, कम्पनीले राखेको लेखासँग दुरुस्त रहेको छ र कम्पनीले लेखा तथा स्रेस्ताहरू प्रचलित कानूनबमोजिम तयार गरेको छ । हाम्रो रायमा शाखाको स्वतन्त्र लेखापरीक्षण नभएतापनि शाखाबाट प्राप्त विवरणहरू लेखापरीक्षणको लागि पर्याप्त आधारयुक्त थिए ।

कम्पनीको लेखा तथा स्रेस्ताहरूको परीक्षणबाट देखिएअनुसार हाम्रो रायमा कम्पनीले नेपाल राष्ट्र बैंकको एकीकृत निर्देशनबमोजिम पर्याप्त पूँजीकोष तथा सम्पत्तिको अवमूल्यनबापत कोष खडा गरेको छ ।

हामीलाई प्राप्त जानकारी र हामीलाई दिइएको स्पष्टीकरण र हामीले परीक्षण गरेका स्रेस्ताबाट संचालकसमिति अथवा कुनै पदाधिकारीले कानूनी व्यवस्थाहरूविपरीत वा अनियमित कार्य गरेको वा कम्पनीलाई हानिनोक्सानी गरे गराएको तथा राष्ट्र बैंकको एकीकृत निर्देशनको उल्लङ्घन गरी कम्पनी, निक्षेपकर्ता तथा लगानीकर्ताको हितको सुरक्षणविपरीत कार्य गरेको जानकारी हुन आएन।

प्रमुख लेखानीतिहरु (अनुसूची ४.३२) को बुँदा नम्बर ५मा उल्लेख गरेअनुसार नेपाल राष्ट्र बैंकको एकिकृत निर्देशिको पालना गर्न बैंकले कर्जा तथा सापटीमा प्राप्त ब्याज आम्दानीलाई नगद आधारमा आम्दानी जनाएको, जुन नेपाल लेखामान बमोजिम नरहेको ।

## लेखापरीक्षकको राय

हाम्रो रायमा वित्तीय विवरणहरूको सम्बन्धमा अघिल्लो अनुच्छेदमा उल्लेख गरिएका विषयहरूको हकमा बाहेक नेपाल एसबिआई बैंकको वित्तीय विवरणहरूले २०७१ आषाढ ३२ (१६ जुलाई २०१४) को आर्थिक अवस्था तथा उक्त अवधिको संचालन नतिजा र नगद प्रवाहको नेपाल लेखामान तथा लेखाको सर्वमान्य सिद्धान्तअनुरूप समुचित तथा यथार्थ चित्रण गर्दछ र उक्त वित्तीय विवरणहरू कम्पनी ऐन, २०६३, नेपाल राष्ट्र बैंकको एकीकृत निर्देशन तथा बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ अनुरूप छन् ।

शशि सत्याल

द.

व्यवस्थापकीय साझेदार
टि.आर.उपाध्याय एण्ड कं, चार्टर्ड एकाउण्टेण्टस्
मिति : २०७१ मंसिर ८
स्थान : काठमाडौँ
शशि सत्याल

द्रष्टव्य

यो सक्षिप्त वार्षिक आर्थिक विवरण बैंकको २१ औं वार्षिक प्रतिवेदनको पूर्ण विवरण नभई आ.व. २०७०/७१ को वार्षिक आर्थिक विवरणका प्रमुख कुराहरूलाई मात्र समेटिएर तयार गरिएको संक्षिप्त पुस्तिका हो ।

शेयरधनी महानुभावहरूले बैंकको २१औं वार्षिक प्रतिवेदनको पूर्ण पुस्तिका बैंकको हात्तीसार, काठमाडौँ स्थित प्रधान कार्यालयमा कार्यालयसमयभित्र सम्पर्क राखी वा बैंकको वेबसाइट www.nepalsbi.com.np मार्फत प्राप्त गर्न सक्नुहुनेछ ।

प्रस्तुत संक्षिप्त वार्षिक आर्थिक विवरण कम्पनी ऐन, २०६३ को दफा ८४ तथा संचालकको प्रतिवेदन एवं आ.व. २०७०/७१ को वार्षिक आर्थिक विवरणअनुरुप गरेको भनि स्वतन्त्र लेखापरिक्षक टि.आर.उपाध्याय एण्ड कं, चार्टर्ड एकाउण्टेण्टस्बाट राय प्राप्त भएको छ ।

# कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित
# (शेयरहरूमा सीमित दायित्व भएको)
# नेपाल एसबिआई बैंक लि. को प्रबन्धपत्र तथा नियमावलीमा संशोधनको तीन महले
# (वार्षिक साधारणसभामा प्रस्तावित)

## प्रबन्धपत्र

| हालको व्यवस्था | | संशोधित व्यवस्था | | संशोधनको कारण |
|---|---|---|---|---|
| दफा/ उपदफा | | दफा/ उपदफा | | |
| नभएको | नभएको | ४<br>टट२ | प्रचलित कानून बमोजिम सम्बन्धित निकायबाट आवश्यक स्वीकृति/इजाजत/सदस्यता लिई मर्चेन्ट बैंकिङ्ग, रेमिटेन्स, लघु वित्त सेवा, क्रेडिट कार्ड, ईत्यादि सम्बन्धि व्यवशाय तथा कारोवार गर्न सहायक (Subsidiary)/संयुक्त लगानी (Joint Venture) कम्पनीहरु संस्थापना गर्ने । | सहायक/संयुक्त लगानीको कम्पनीहरु स्थापना गर्न । |
| ५.१(क) | बैंकको अधिकृत पूँजी रु. ३,००,००,००,०००/ (तीन अर्व रूपैयाँ) हुनेछ । जसलाई रु. १००/( (एक सय रुपैयाँ) का दरले ३,००,००,००० (तीन करोड) साधारण शेयरमा विभाजन गरिएकोछ । | ५.१(क) | बैंकको अधिकृत पूँजी रु. ७,००,००,००,०००/- (सात अर्व रुपैयाँ) हुनेछ । जसलाई रु. १००/- (एक सय रुपैयाँ) का दरले ७,००,००,००० (सात करोड) साधारण शेयरमा विभाजन गरिएकोछ । | बैंकको व्यवशायको लागि आवश्यक पुँजी बृद्धि गर्न । |
| ५.१(ख) | बैंकको जारी पूँजी रु.२,६५,९१,८२,२००/- (दुई अर्व पैसट्ठी करोड एकानव्बे लाख वयासी हजार दुई सय रुपैयाँ) हुनेछ । जसलाई रु.१००/-(एक सय रुपैया) का दरले २,६५,९१,८२२ (दुई करोड पैसट्ठी लाख एकानव्बे हजार आठ सय वाईस) साधारण शेयरमा विभाजन गरिएको छ । | ५.१(ख) | बैंकको जारी पूँजी रु. ३,०६,३३,९५,६००/- (तीन अर्व छ करोड तेत्तीस लाख पन्चानव्वे हजार छ सय रुपैयाँ) हुनेछ । जसलाई रु.१००/-(एक सय रुपैया) का दरले ३,०६,३३,९५६ (तीन करोड छ लाख तेत्तीस हजार नौ सय छपन्न) साधारण शेयरमा विभाजन गरिएको छ । | बैंकको व्यवशायको लागि आवश्यक पुँजी बृद्धि गर्न । |
| ५.१(ग) | बैंकको चुक्ता पूँजी रु. २,६५,०२,०५,८०४/- (दुई अर्व पैसट्ठी करोड दुई लाख पाँच हजार आठ सय चार रुपैयाँ) हुनेछ । | ५.१(ग) | बैंकको चुक्ता पूँजी रु. ३,०६,३३,९५,६००/- (तीन अर्व छ करोड तेत्तीस लाख पन्चानव्वे हजार छ सय रुपैयाँ) हुनेछ । | बैंकको व्यवशायको लागि आवश्यक पूँजी बृद्धि गर्न । |

## नियमावली

| हालको व्यवस्था | | संशोधित व्यवस्था | | संशोधनको कारण |
|---|---|---|---|---|
| नियम | | नियम | | |
| २९ (ख) | संचालकले पाउने बैठकभत्ता देहायबमोजिम हुनेछ : संचालकसमितिका अध्यक्ष : रु. १०,०००/- प्रतिबैठक अन्य संचालक : रु. ८,०००/- प्रतिबैठक माथि उल्लेख गरिएबमोजिम संचालकसमितिको बैठकमा भाग लिएबापत संचालकसमितिका सदस्यहरूलाई दिइने बैठकभत्ता संचालकसमितिले गठन गरेका उपसमितिहरूको बैठक समेतमा भाग लिएबापत दिइनेछ । | २९ (ख) | संचालकले पाउने बैठकभत्ता देहायबमोजिम हुनेछ : संचालकसमितिका अध्यक्ष : रु.१५,०००/- प्रतिबैठक अन्य संचालक : रु. १२,०००/- प्रतिबैठक माथि उल्लेख गरिएबमोजिम संचालकसमितिको बैठकमा भाग लिएबापत संचालकसमितिका सदस्यहरूलाई दिइने बैठकभत्ता संचालकसमितिले गठन गरेका उपसमितिहरूको बैठक समेतमा भाग लिएबापत दिइनेछ । | समय सापेक्ष रुपमा संचालकहरुको बैठक भत्ता परिमार्जन गर्न । |

**टिपोट**: ...........................................................................................................

RTGS

Real Time Gross Settlement

## *Transfer funds INSTANTLY*



## RTGS (Real Time Gross Settlement)

Nepal SBI Bank offers Online transfer of funds to India through its Core Banking Network/ NEFT Platform. You can now instantly transfer funds to the beneficiary's account with any branches of State Bank of India(SBI) as well as other banks.

**Features:**

- Instant transfer of funds to India.
- Minimum service charge.
- Electronic fund transfer facility.
- Funds can be directly transfered to 83 banks and 44000 branches of banks in India.
- Saves time and courier charge.

Serving Nepal through 62 Banking Outlets & 75 ATMs.
**For more information please contact: 977-1-4423375**

नेपाल एसबिआई बैंक लिमिटेड
**NEPAL SBI BANK LTD.**
**With us, You are Always a Winner**
Kathmandu Head Office: 4435516
www.nepalsbi.com.np

VISHWA YATRA CARD

## Fly around the world
### With our **Vishwa Yatra Card**

VBV (Verified by VISA) Enabled




Break free from the hassles of carrying cash or Traveller's Cheques while travelling abroad. Be assured of a secure transaction every time with VISA Pre paid USD card, which is an EMV Certified **"Chip Card"**

**Features:**

- Worldwide acceptance except Nepal and India.
- Can be used for cash withdrawal at VISA ATMs and for merchandise payment.
- Cash withdrawal in the local currency of the country.
- Instant availability.
- Safe and secure.

Serving Nepal through 62 Banking Outlets & 75 ATMs.
**For more information please contact: 977-1-4423375**

नेपाल एसबिआई बैंक लिमिटेड
**NEPAL SBI BANK LTD.**
**With us, You are Always a Winner**
Kathmandu Head Office: 4435516
www.nepalsbi.com.np

उज्जवल भविष्य बचत

सम्वृद्ध भविष्यको शुरुवात



(Recurring Deposit Scheme)

**विशेषताहरू:**

- हरेक महिना निश्चित रकम जम्मा गर्न पाइने ।
- म्याद पूरा भएपछि एकमुष्ट रकम झिक्न मिल्ने ।
- हरेक ३ महिनामा ब्याज साँवामा गाभिने ।

नेपालको सेवामा ६२ बैकिङ्ग कार्यालय र ७५ एटिएमहरू

नेपाल एसबिआई बैंक लिमिटेड
**NEPAL SBI BANK LTD.**
**With us, You are Always a Winner**
Kathmandu Head Office: 4435516
www.nepalsbi.com.np

NSBL EDUCATION LOAN

Study Hard,
Leave the rest to us



Nepal SBI Bank Ltd. offers Education Loan to the students enrolled for Bachelor's/Master's degree programme & other professional courses, in Nepal and other countries.

**Features:**

- Easy loan processing.
- Financing up to 85% of total cost of studies.
- Loan tenure upto 5 years excluding moratorium period.
- Attractive rate of interest/fees.
- Principal repayment starts only after completion of studies.

Serving Nepal through 62 Banking outlets and 75 ATMs
*For more details, please contact any of our branches located throughout Nepal.*

नेपाल एसबिआई बैंक लिमिटेड
**NEPAL SBI BANK LTD.**
**With us, You are Always a Winner**
Kathmandu Head Office: 4435516
www.nepalsbi.com.np




Tailor made loan product for small and medium sized enterprises to meet their financing requirements in convenient manner.

**Features:**

- Loan amount up to Rs.100 lacs.
- Competitive interest rate.
- Easy Loan processing.
- Available for manufacturing, trading, business enterprises. and professional self employed.

Serving Nepal through 62 Banking outlets and 75 ATMs

*SME loan is offered at all our branch offices. For details please contact any of our Branches.*

नेपाल एसबिआई बैंक लिमिटेड
**NEPAL SBI BANK LTD.**
**With us, You are Always a Winner**
Kathmandu Head Office: 4435516
www.nepalsbi.com.np




**SBI Nepal Express Remit** - Easy and cost effective scheme to send money from India to Nepal.

**Features:**

- Fast mode of remittance by direct credit to benefeciary's account with NSBL.
- For customers not having bank account, money can be received through more than 3,500 Prabhu Money Transfer agents in Nepal.
- Minimum Service Charge.
- No service charge at NSBL if the beneficiary has an account with us.

Serving Nepal through 62 Banking outlets and 75 ATMs

नेपाल एसबिआई बैंक लिमिटेड
**NEPAL SBI BANK LTD.**
**With us, You are Always a Winner**
Kathmandu Head Office: 4435516
www.nepalsbi.com.np




No More Waiting in queues as banking is made easy with Nepal SBI Mobile Wallet. Gain easy access to all the financial services with the push of few buttons of your mobile phones, at anytime, even beyond normal banking hours.

**Features:**

- Payment to merchant through mobile wallet*.
- Paymet to online travel portals for travel booking.
- Utility Payments (ADSL Payment, NTC Landline Payment, NTC Postpaid Payment).
- Fund transfer from Mobile Wallet to Nepal SBI account & vice-versa.
- Fund transfer from Mobile Wallet to Mobile Wallet.
- Deposit/Funds withdrawal.
- No need to open seperate account.
- Payment for Ncell Pro.
- Recharge cards for NTC GSM, NTC CDMA, Boradlink& Dish home.
- SMS Alerts

Serving Nepal through
62 Banking Outlets & 75 ATMs.

* [illegible]
For more detail information contact Nepal SBI Bank nearest office/branch.

नेपाल एसबिआई बैंक लिमिटेड
**NEPAL SBI BANK LTD.**
**With us, You are Always a Winner**
Kathmandu Head Office: 4435516
www.nepalsbi.com.np




Be 100 % safe with **Nepal SBI Safe Deposit Locker** facility

**Features:**

- Facility available at large number of branches across Nepal.
- Keeps your valuable items safe.
- Lockers of different sizes available as per the requirement.
- Available at nominal rate.

Serving Nepal through 62 Banking outlets and 75 ATMs

*Locker facility is available at selected branch offices. For details please contact any of our branches.*

नेपाल एसबिआई बैंक लिमिटेड
**NEPAL SBI BANK LTD.**
**With us, You are Always a Winner**
Kathmandu Head Office: 4435516
www.nepalsbi.com.np